वर्ष : १९, अंक : ०३, काठमाडौं, २०८० बैशाख १५ गते शुक्रबार, 28 April 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# संसदमा उपेन्द्रको कमब्याक : अब संघीयता, लोकतन्त्रको संकट टर्छ ?

**मधेशवाणी डेस्क**

काठमाडौं । बारा क्षेत्र नं २ को उपनिर्वाचनमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव विजयी भएका छन् । निकटतम् प्रतिद्वन्द्वी जनमत पार्टीका शिवचन्द्र प्रसाद कुशवाहालाई पाँच हजार ८१ मतान्तरले पराजित गर्दै उनी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् ।

यादवले २८ हजार चार सय १५ मत प्राप्त गरे भने उनका निकटतम् प्रतिद्वन्द्वी जनमत पार्टीका कुशवाहाले २३ हजार तीन सय ३४ मत पाएका छन् । यादवलाई सत्तारुढ पाँच दलको समर्थन रहेको थियो भने जनमत पार्टी एक्लै चुनावमा प्रतिस्पर्धा गरेको थियो ।

यस्तै, नेकपा (एमाले) का पुरुषोत्तम पौडेलले १० हजार दुई सय १६ मत, राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेलले दुई हजार आठ सय २९, आम जनता पार्टीका उम्मेदवार अरुणकुमार ज्ञवालीले दुई हजार सात सय ३८ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीका सोनालाल साहले एक सय १९ मत, नागरिक उन्मुक्ति पार्टीका कमरुल्लाह अन्सारीले एक सय नौ मत तथा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार मुक्ति यादवले ६० मत पाएका छन् ।

बारा क्षेत्र नं २ मा गत आइतबार भएको उपनिर्वाचनमा ६८ हजार आठ सय ८७ जनाले मतदान गरेका थिए ।

गत वर्ष मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जसपा अध्यक्ष यादव सप्तरी क्षेत्र नं २ मा जनमत पार्टीका अध्यक्ष डा सिके



राउतसँग पराजित भएका थिए ।

बारा क्षेत्र नं २ मा जसपाबाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित एपछि सो निर्वाचन क्षेत्रमा उपनिर्वाचन भएको हो ।

उपेन्द्रका परपस्पर विरोधी शक्तिहरुले पनि उसलाई जिताउन समर्थन गरेका थिए । जसपाको दस्तावेजमा एमाले, माओवादी र नेपाली कांग्रेसको बारेमा दृष्टिकोण हेर्नुभयो भने उसले सबैभन्दा खराब पार्टी नेपाली कांग्रेसलाई भनेको छ । जसपाको अधिवेशनबाट पारित दस्तावेजको कुरा हो । तर अहिले कांग्रेस सबैभन्दा उग्र भएर उपेन्द्र यादवलाई जिताउनका लागि उर्दी जारी गरेको थियो । उसका कुनै कार्यकर्ताले तल-माथि गरेमा कारबाही गरेर निष्काशित गर्ने चेतावनीसमेत दिएको थियो । जुन एमालेलाई उपेन्द्र यादवले आफ्नो दस्तावेजमा राम्रो भनेको छ, त्यो एमाले उसको विपक्षमा छ । यस्तो ठाउँमा उपेन्द्र यादवको विजयले जसपाको लोकप्रियताको मापन यस निर्वाचनबाट गर्न सकिँदैन ।

यो निर्वाचनमा उपेन्द्र यादव एउटा निरीह पात्रको रुपमा देखिएका थिए । उपेन्द्र यादव २०६४ सालपछि नेपालको संसदीय राजनीतिका एउटा सिद्धहस्त खेलाडि भएका छन् । त्यसकारण उपेन्द्र यादवको सदा गन्तव्य सत्ता र संसदीय राजनीति हो । उपेन्द्र यादव अहिले जम्मा पाँच महिना संसदबाट बाहिर रहँदा उनी आकूल-ब्याकूल भएका थिए । उनी बडो दाउपेच गरेर आफ्नो पार्टीका एकजना होनहार मानिस रामसहाय यादवलाई उपराष्ट्रपति बनाउन लगाएर त्यो रिक्त पदमा चुनाव लडेका थिए । भनेपछि, संसदीय राजनीति उनको अभिष्ट हो र त्यो अभिष्ट पूरा गर्ने थलो बारा २ भएको छ ।

उपेन्द्र यादवले चुनावी राजनीतिमा आफू जितनका लागि जे-जति हत्कण्डाहरु प्रयोग गर्नुपर्ने थियो, सबै हत्कण्डाहरु यो निर्वाचनमा प्रयोग गरेका छन् । आफूलाई उसले बारामा यस रुपमा प्रस्तुत गरेका छन् कि उनी संसदमा नजाँदा

बाँकी अन्तिम पृष्ठमा

## ‘सत्ताको लाठी र बन्दुकको बलमा निर्वाचन भयो’

– डा.सीके राउत



उपनिर्वाचन शान्तिपूर्ण सम्पन्न भएको गृहमन्त्रीले भन्नुभएको हो । म भर्खरै बारा २ बाट करिब १५ दिन बसेर फर्केको छु । म सम्मानीय सभामुखमार्फत् गृहमन्त्रीज्यूलाई सोध्न चाहन्छु, सत्ताको लाठी र बन्दुकको बलमा जहाँ सत्तागठबन्धन इतरका कार्यकर्ताहरुलाई घरबाट बाहिर पनि निस्किन दिँदैन, प्रचार-प्रसार गर्न दिँदैन, जहाँ नक्कली मतपत्रहरु बुथ बाहिर छ्यापछ्याप्ती भेटिएका छन्, नक्कली मतपत्र खसाल्ने क्रममा मान्छेहरु पक्राउ पनि परेका छन्, पैसा बाँड्ने क्रममा मान्छे पक्राउ परेका छन्, त्यो ठाउँमा कस्तो खालको शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको हो ? म आफै पनि कब्जा भएका बुथहरुमा निर्वाचन आयोगको लिखित अनुमति लिएर जान लाग्दा प्रहरीले घेरा हालेर पक्राउ गरेको छ । त्यो अवस्थामा कस्तो खालको उहाँले शान्तिपूर्ण निर्वाचन गराउनुभएको हो ?

# मधेश प्रदेशका सबै पालिकामा माटो परीक्षण गरिँदै



जनकपुरधाम । मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशका सबै पालिकामा माटो परीक्षण गर्न लागिएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री ई.बसन्त कुशवाहाले मधेश प्रदेशका सम्पूर्ण नगर प्रमुख तथा गाउँपालिका अध्यक्षहरुलाई माटो परीक्षणका लागि अनुरोध गरेका छन् ।

बाँकी अन्तिम पृष्ठमा

## मधेश प्रदेशका किसानका लागि तालिमको अवसर

मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका तालीम केन्द्रहरुमा किसानहरुको लागी यही जेष्ठ महिनामा संचालन हुने निम्न बमोजिमका तालिमहरुमा सहभागी हुने इच्छुक किसानहरुले बैशाख २२ गते भित्र सम्पर्क गर्न अनुरोध छ।

यस तालीममा सहभागी हुने किसानहरुले रू. ७००/- को दरले दैनिक भता र आउने जाने भाडा समेत पाउने छन्।

१) मत्स्य प्रशोधन तथा पोष्ट हार्भेस्ट (७ दिन) स्थान: पशु सेवा तालीम केन्द्र, जनकपुरधाम
२) ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम (३५ दिन) स्थान: पशु सेवा तालीम केन्द्र, जनकपुरधाम
३) व्यवसायिक कुखुरा पालन तालिम (७ दिन) स्थान: पशु सेवा तालीम केन्द्र, जनकपुरधाम
४) कृषि यन्त्र संचालन एवं मर्मत संभार तालिम (७ दिन) स्थान : कृषि प्रवर्द्धन सहयोग तथा तालीम केन्द्र, नक्टाझिज, धनुषा

यस तालीमका लागी सम्बन्धित तालीम केन्द्र लगायत निम्न व्यक्तिलाई समेत सम्पर्क गर्न सकिने छ।

# “नेपाली विशेषता अनुसारको” दण्ड व्यवस्था आवश्यक





जयप्रकाश प्रसाद गुप्ता

‘पाँच बर्षको हद म्याद भित्र भ्रष्टाचारको कारबाही गर्नुपर्ने नत्र नगर्ने” भन्ने नयाँ प्रावधान राखेर राष्ट्रिय सभाले बिद्यमान कानूनमा संशोधन गरी प्रतिनिधी सभा समक्ष पठाएको छ । सबै भ्रष्टाचार गर्नेहरुलाई जोगाउनका लागि यो संशोधन ल्याईएको हो भनी संसद तथा बाहिरबाट यसको आलोचना भै रहेको छ ।

अहिलेको बिद्यमान कानूनमा यस्तो व्यवस्था थिएन । हालसम्म कायम रहेको प्रावधान अनुसार भ्रष्टाचारका अभियुक्तको मृत्यू भएपनि उनि उपर मुद्दा चल्ने कुरो थियो। आफ्ना समयका चर्चित राजनीतिक व्यक्ति रविन्द्र नाथ शर्मा उपर उहाँको मृत्यूपरान्त मुद्दा चल्यो। यसमा अहिले किन संशोधन हुन लाग्यो, थाहा भएन। मेरो बिचारमा पुरानै व्यवस्था राम्रो थियो ।

अख्तियारले भ्रष्टाचारमा चलाउने मुद्दामा सबभन्दा अचूक मुद्दा “अकूत सम्पति” को हो। अख्तियार कसै उपर लागि परेर फायल सदरमा यदि मुद्दा चलाउन सकेन भने डाम्नु पर्ने मानिसलाई “अकूत सम्पति” आर्जन गरेको मुद्दा चलाउँछ । यो अभेद्य र अचूक छ । तत्काल मानिसलाई सोत्तर पार्छ, सिध्याउँछ। तर यसमा अख्तियार र अदालत दुबै निकायको मनोमानी छ । अख्तियारले चाहेमा कसैको आर्जनमा ७०% लाई बचत मानिदिन्छ। अदालतले, खासगरी सर्वोच्च अदालतले यदि कसैलाई सिध्याउनु छ भने उसले फैसला गर्दाको बखत अमूक व्यक्तिलाई बिलासी खालको भएकोले निजको आम्दानी मध्ये ७०% खर्च ठहर्याई दिन्छ। यस्तो स्वेच्छाचारी व्यवहार पच्चीसौं मुद्दामा यस्तो देखिएको छ। यस्तो खेल सबभन्दा बढी खिलराज, कल्याण तथा सुशीला न्यायाधिशहरूले गरेका हुन् ।

यस अघि सर्वोच्च अदालतले खुमबहादुर खडका, चिरंजीवि वाग्ले तथा म जेपी गुप्ताको र अन्य केही मुद्दामा आय-खर्च र सम्पति मापनको जुन मापदण्ड निर्धारण गरी सजाँय तोक्यो यसको बडो प्रशंसा पनि भयो।

वास्तवमा सम्पति मापनको यस आधारमा यस बारेका मुद्दा परेकाहरू बिरलै छुट्छन्। तर, यसमा अदालत र अख्तियार दुबैको स्वेच्छाचारिता देखिएको छ। यसलाई समान व्यवहारको रूपमा लागू हुनका लागि सम्पति मापन अर्थात आर्जन र बैध खर्च मापनको कानूनी व्यवस्था बाहेक अर्को बिकल्प छैन। यसर्थ, भ्रष्टाचार नियन्त्रण कानूनमा संशोधन गरिंदा यसको पनि व्यवस्था हुनै पर्दछ। यसबाट भ्रष्टाचार सम्बन्धि न्याय सम्पादनमा पक्षधरतामा कमी आउँछ। यसलाई कानूनी आधार प्रदान गर्दा अदालतको स्वेच्छाचारितामा नियन्त्रण पनि हुने र “सेलेक्टिभ भर्डिक्ट” लाई हतोत्साहित पनि गर्न सकिने हुन्छ।

बास्तवमा यस्ता कानूनहरूमा ढिल दिनु हुदैन। न्याय, कानूनी अवधारणा तथा अन्तर्राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

# ‘अयोग्य’ लडाकुलाई पैसा बाँड्नु कतिको उचित ?

अहिले मुलुक आर्थिक संकटमा परिरहेको छ । हरेक क्षेत्र धरासायी भइरहेको छ । सरकारले कर्मचारीलाई तलब खुवाउने अवस्थामा समेत नरहेको बताइएको छ । तर, प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारले माओवादीका बहिर्गमित लडाकुहरूलाई राहत दिने भएको छ । मन्त्रिपरिषद बैठकले 'अयोग्य' लडाकुहरूलाई कार्यविधि बनाएर जनही दुई लाख रूपैयाँ दिने निर्णय गरेको थियो । यसअघि २०७३ सालमा बहिर्गमित लडाकुलाई दिने भनिएको रकम सर्वोच्च अदालतका कारण रोकिएको थियो । त्यहीं रकम अहिले दिन लागिएको हो । कार्यविधि बनाएर प्रत्येकलाई दुई लाख दिने निर्णय भएको छ । नेकपा माओवादी केन्द्र शान्ति प्रक्रियामा आएपछि अनमिनको प्रमाणीकरणमा नपरेका लडाकुहरू चार हजार हाराहारी छन् । अनमिनले लडाकुहरूमध्ये ककसले युद्धमा भाग लिएका हुन् वा होइनन् र ककसको उमेर लडाकु हुन पुगेको छ कि छैन भनेर छानबिन गरेको थियो । छानबिनका आधारमा युद्धमा भाग नलिएका र उमेर नपुगेकाहरूलाई 'अयोग्य लडाकु' भनी प्रमाणीकरण गरेको थियो ।

बहिर्गमित लडाकुहरूलाई २०७३ सालमै उक्त रकम दिइने भनिए पनि यसविरूद्ध रिट परेपछि तत्काल यो व्यवस्था लागू नगर्ने सर्वोच्चले अन्तरिम आदेश दिएको थियो । सरकारले अयोग्य लडाकुलाई दुई लाख रुपैयाँ राहत दिने कार्यविधि पास गरेको थियो । कार्यविधिअनुसार पहिलो चरणमा अयोग्य लडाकु पहिचान गरिनेछ । लडाकु पहिचान गर्ने जिम्मा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई दिइनेछ । र, जिल्ला प्रशासनले पहिचान भएका लडाकुको विवरण गृह मन्त्रालयमा पठाउनेछ । सोही विवरणअनुसार सम्बन्धित जिल्ला प्रशासन कार्यालयले आयोग्य लडाकुलाई दुई-दुई लाख रुपैयाँका दरले राहत रकम उपलब्ध गराउनेछ ।

अयोग्य लडाकुलाई राहतस्वरूप दुई-दुई लाख रुपैयाँ राहत रकम उपलब्ध गराउने कार्यविधि पास भएको छ । सोही कार्यविधिअनुसार लडाकु

> **२ लाखले जीवन धान्दैन, अयोग्य लडाकुलाई कहिलेसम्म रकम मात्रै दिने र मागी खाने भाडो बनाएर राख्ने ? तिनीहरुको दिगो व्यवस्थापन हुनुपर्छ । जो पछिसम्म राज्यलाई दिन योग्य बनुन र अयोग्यताको छाप मेटियोस् ।**

पहिचान गरिनेछ । र, उनीहरूको बैंक खातामार्फत राहत रकम उपलब्ध गराइनेछ । कार्यविधिअनुसार आयोग्य लडाकु पहिचानको आधार अनमिन (युनाइटेड नेसन मिसन इन नेपाल)ले तयार गरेको प्रतिवेदनलाई आधार मानिनेछ । प्रतिवेदनमा उल्लेख भएका अयोग्य लडाकुको नाम, उपनाम र जिल्ला पहिचान गरिनेछ । विवरण रुजु गराउन सम्बन्धित जिल्लामा लडाकुका नाम र उपनाम पत्रचार गरिनेछ । जिल्लाले सोही विवरणका आधारमा लडाकु पहिचान गर्नेछ । यसका लागि गृहले लडाकुसहित सहभागी भएको एक कार्यदल गठन गर्नेछ । कार्यदलले सम्बन्धित लडाकुको जन्मस्थान पुगी सर्जिमिन गराई प्रमाणित भएको विवरण प्रशासनले गृह पठाउनेछ ।

सरकारले आव ०७९/८० को बजेटमा शान्ति प्रक्रियाका बाँकी कामका लागि भनेर एक अर्ब ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । सोही रकम आयोग्य लडाकुको राहतमा खर्च गरिनेछ । राहत रकम लिन अर्थले गत २ चैतमै स्वीकृति जनाइसकेको छ । अयोग्य लडाकुलाई राहतस्वरूप दुई-दुई लाख रुपैयाँ दिने सम्बन्धमा आव ०७३/७४ को बजेटमै उल्लेख गरिएको थियो । तर, सर्वोच्च अदालतमा मुद्दा परेपछि सरकारको योजना कार्यान्वयनमा आउन सकेको थिएन । सर्वोच्चले १ फागुन ०७८ मा लडाकुलाई दुई लाख रुपैयाँ दिने सरकारको निर्णय कानुनविपरीत नभएको फैसला गरेको थियो । त्यसपछि अयोग्य लडाकुलाई राहत रकम दिने कार्य खुला भएको थियो । तर पैसा बाँडेर न्याय होला त भन्ने प्रश्न व्यापक उठिरहेको छ । २ लाखले जीवन धान्दैन, अयोग्य लडाकुलाई कहिलेसम्म रकम मात्रै दिने र मागी खाने भाडो बनाएर राख्ने ? तिनीहरुको दिगो व्यवस्थापन हुनुपर्छ । जो पछिसम्म राज्यलाई दिन योग्य बनुन र अयोग्यताको छाप मेटियोस् । ४००० माथिको अयोग्यताको छापलाई मेटाउन जिवन उपयोगी शीप दिनु न्यायोचित होला ।

# राष्ट्रियता नभएका दलीय शासकहरू

**विचार-विश्लेषण** भाग-१८०



उपेन्द्र झा

> कुनै बेला माओवादी तथा मधेशी जन अधिकार फोरमको पनि आकर्षण कम थिएन । तर के भयो ? त्यसलाई तह लगाएर यी तीन पार्टी सत्ता कब्जा गरि बसेको स्पष्ट छ । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि माइक्रो मेनेजमेन्टमा पार्न सक्ने सम्भावना छ भन्ने जनतामा एक किसिमको भय छ । तर त्यही भयका कारण फोहोरको भवसागरमा उत्रिन डरायो भने.भवसागरलाई कसरी शद्धिकरण गर्न सकिन्छ ।

बैशाख १० गते गरिने उप चुनावको परिणाम आई सकेको छ । माओवादी, नेपाली काँग्रेस लगायत ८ पार्टीको सत्तारुढ गठबन्धनले बारा २ बाहेक तनहुँ १ र चितवन २ मा पराजय भोग्नु परेको छ । बारामा उपेन्द्र यादवलाई जिताउन सत्तारुढ गठबन्धन सफल भएको छ । नेपाली काँग्रेसको दुबै ठाउँको उम्मेदवारको शर्मनाक हारले नेपाली काँग्रेस सत्तारुढ गठबन्धनबाट ठूलो क्षति बेहोर्नु पऱ्यो भन्ने कुरा सबैले महसूस गरेका छन् । सरकारको नेतृत्व पनि छैन र यो सरकारबाट कुनै फायदा पनि छैन भन्ने विचारले नेतृत्ववर्ग चिन्तित देखिएका छन् । तनहुँ र चितवनमा भविष्यको नेतृत्वकर्ता होनहार युवा नेताहरु विश्वप्रकाश शर्मा र गगन थापा खटिएका थिए । तर परिवर्तन चाहने दुबै ठाउँका जनताहरुमा यिनको कुनै प्रभाव परेन । उल्टै पुराना काँग्रेसीहरु पार्टी परित्याग गरि रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्न थाले । दुबै महामन्त्री युवा नेताको कुनै प्रभाव नरहेको सिद्ध भई सकेपछि नैतिकताको आधारमा दुबै नेताको वर्तमान पदबाट राजिनामाको माग पार्टीभित्र उठ्न थालेको छ ।

नेपाली काँग्रेस, माओवादी र एमालेले अहिलेसम्म जनतालाई उल्लेखनीय कुरा दिन नसकेको, विकासलाई गतिशील बनाउन नसकेको, देशको अर्थतन्त्र तहसनहस गरेको, देशलाई परावलम्बी बनाएको, उद्योगधन्धा चौपट बनाएको, भ्रष्टाचारको संस्थागत विकास गराएको आदि कारणले आम जनतामा नैराश्यता व्याप्त छ । देश र जनताको बारेमा चौपट्ट चिन्तन गर्न छाडेका यी तिनै दल भ्रष्टाचार विकासमा जति क्रियाशील देखिए, देश विकासमा कुनै चासो राखेन । ठुल्ठूला पापीहरुलाई पनि वृद्धावस्था प्राप्त गरेपछि चरित्र परिवर्तन गरि साधु बनेको धेरै उदाहरण देख्न, पढ्न पाइन्छ । तर नेपालका तीनै दलका नेताहरुमा देशलाई माया गर्ने चरित्र परिवर्तन हुन सकेन ।

**“चोर चोर मौसेरा भाई”** भन्ने उखान बारा २ को उपचुनावमा देखियो । मधेश प्रदेश सरकार तथा संघीय सरकारको सम्पूर्ण शक्ति उपेन्द्र यादवलाई जिताउन एकजूट भएको अजबको तमाशा देख्न पाइयो । अरु **“वाद”** पढ्दा **“मधेशवाद”** पढ्न नभ्याएका उपेन्द्र यादव मधेशको अधिकार दिलाउने नेताको पंक्तिमा पर्दैन, भ्रष्ट शासकवर्गलाई सघाउने अन्तिम पंक्तिका मोहरा हुन् । शासकवर्गका प्रिय पात्रका रुपमा रहेका तथा आफ्नो कार्यशैलीबाट मधेशमा आकर्षण गुमाएका उपेन्द्र यादव ८ दलीय समर्थनमा बल्ल जित्न पाएका हुन् । सिके राउतसंग तुलना गर्दा बारामा सिके राउत एक्लैले त्यत्रो ठूलो मत ल्याउनु मधेशको जनतामा उनको आकर्षण बढेको प्रष्ट छ । उपेन्द्र जितेपनि आकर्षणको केन्द्र सिके राउत नै बन्यो ।

उपेन्द्र यादवले मधेश प्रदेशको सरकार बनाउन सफल भएपनि जन आकाँक्षा पूरा गर्न असफल नै देखियो । सरकारको प्रस्तुति सन्तोषजनक देखिएन । मधेशको मुद्दाभन्दा शासकहरुसंग मिलेर धनलाभ गर्ने विचार सर्वोपरि देखिएको छ ।

तनहुँ र चितवनको जनताले जलाएको मशालले राष्ट्रिय स्वतन्त्र पार्टीलाई देशैभर चिन्हाएको छ । देश सुधार्ने विकल्पको रुपमा आएको राष्ट्रिय स्वतन्त्र पार्टीको आकर्षणले यी तिनै पार्टीको टर्रो स्वादलाई नेपाली जनताले बदल्न खोजेको छ । नयाँ सोच, नयाँ कार्यशैलीबाट देशको मुहार फेर्न जनताको अन्तःस्थलमा रहेको उत्कट चाहना प्रस्फुटित हुन आतुर छ । होस्टेमा हैसे मिलाउन देशैभरका जनता तयार छन् । पार्टीभन्दा ठूलो देश हो भन्ने कुरा अब पार्टीका कार्यकर्ताले पनि बुझ्न थालेका छन् ।

दशकौंदेखि जरा गाडेर स्थापित भ्रष्टाचारलाई तहगत उजागर गर्ने रवि लामिछानेको भयले सिङ्गै शासकवर्ग भयभीत भएर रवि लामिछानेलाई सिध्याउन अति नै शर्मनाक प्रयासहरु गर्दै आए । व्यवधानका पहाड खडा गरेर रवि लामिछानेलाई रोक्ने प्रयास गरे । तर देशको लागि केही गर्ने पावन उद्देश्य तथा अदम्य साहस लिएका युवा योद्धा किञ्चित पनि डराएन र कदम अगाडि बढाउँदै गए । रवि लामिछानेको जीतले ती आततायीहरु अब प्रशंसकको रुपमा उभिनेमा कुनै शंका छैन ।

अन्यायीहरु प्रशंसकको भीडमा देखिएपनि उनी चरित्र बदलेको हुँदैन । उनी मौकाको दावमा प्रतीक्षारत हुन्छन् । मौका पाउँदै उसले आफ्नो काम फत्ते गर्न पछि पर्दैन । रवि लामिछानेले देशैभरि आफ्नो पार्टीको आकर्षण जगाएपनि साँसदको संख्या हेर्दा पार्टी सानै आकारमा रहेको कुरा यथार्थ हो । सिङ्गै लोकतन्त्रलाई कैद गरि देशैभरि भ्रष्टाचारको नेटवर्क बनाउन सफल शासकवर्गसंग भिड्नु रवि लामिछानेको लागि सजिलो छैन । तर केही गर्ने आँट छ । भ्रष्टाचारले यहाँको माटो, हावा, पानीसमेतलाई दुषित बनाई दिएको अवस्थामा यसको शुद्धिकरण कति जटिल छ अनुमान गर्न सकिन्छ ।

शुद्धिकरणको दिशामा पाइला सारेका काठमाण्डौंका मेयर बालेन शाहलाई संघीय सरकारले पाइला पाइलामा असहयोग गरेको सारा नेपाली जनताले देखेका छन् । संघीय सरकारलाई जिम्मेवारीबोध गराउन उनले सिंहदरवार, बालुवाटार र शीतल निवासको फोहोर उठाउन छाडेपछि मेयर बालेन शाहलाई वार्तामा बोलाउनुको सट्टा आफ्नो हैसियतको अहंकारमाथि चोट भएको बुझि बालेन शाहलाई अदालतमा घिसारेका छन् ।

निकृष्ट विचारको पराकाष्ठामा रहेका शासकवर्गसंग देशले असल विचारको अपेक्षा गर्नु नितान्त मूर्खता हो । यही कारण हो कि देशले अग्रगति पाई रहेको छैन । सम्पत्ति शुद्धिकरण विधेयक पास हुन नसक्दा यही बैशाखमा देश **ग्रे लिष्ट**मा पर्ने सम्भावनाबाट पनि सरकार चिन्तित नरहेको कुराले सरकार देशप्रति कत्तिको जिम्मेवार छ त्यसै स्पष्ट हुन्छ । भ्रष्टाचार निवारण, सुशासन, लोकतन्त्रलाई जनतासंग जोड्ने प्रयास आदिबारेको सोच सरकारको छैन बरु कालो धन कसरी सेतो बनाउने त्यस सम्बन्धको विधेयक ल्याएर पास गराउने अनैतिक सोच प्राथमिकतामा परेको छ ।

यी तीनै दल शीर्ष स्थान कब्जा गरेपनि यिनबाट देशको कल्याण नहुने कुरामा जनता विश्वस्त छन् । त्यसकारण पनि राष्ट्रिय स्वतन्त्र पार्टीको आकर्षण बढेको छ । कुनै बेला माओवादी तथा मधेशी जन अधिकार फोरमको पनि आकर्षण कम थिएन । तर के भयो ? त्यसलाई तह लगाएर यी तीन पार्टी सत्ता कब्जा गरि बसेको स्पष्ट छ । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि माइक्रो मेनेजमेन्टमा पार्न सक्ने सम्भावना छ भन्ने जनतामा एक किसिमको भय छ । तर त्यही भयका कारण फोहोरको भवसागरमा उत्रिन डरायो भने.भवसागरलाई कसरी शद्धिकरण गर्न सकिन्छ । आफ्नो चालको गतिलाई कसरी लैजाने यही रणकौशल रवि लामिछानेले बनाउन जरुरी छ ।

janukjha24@gmail.com

# गठबन्धन संस्कृतिलाई जगेर्ना गर्नुपर्ने आवश्यकता छ : प्रधानमन्त्री प्रचण्ड

ललितपुर । प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले एउटै पार्टीले बहुमत ल्याएर सरकार बनाउने भन्दा गठबन्धन संस्कृतिलाई जगेर्ना गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानको दोस्रो वार्षिक केन्द्रीय सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले भने, ‘वर्तमान संविधान र निर्वाचन प्रणालीका आधारमा अहिलेको स्थितिमा कुनै पनि दलले बहुमत ल्याएर सरकार बनाउने सम्भावना धेरै कम छ । त्यसकारण हामीले यो गठबन्धनलाई पाँच वर्ष नै चलाएर यसको माध्यमबाट जनतालाई सेवा दिने चुनौति छ ।’

उनले नेपालको कम्युनिष्ट आन्दोलनलाई सही बिचार, नीति, कार्यशैली र संस्कारको आधारमा एकतावद्ध गर्ने प्रयासमा एकहदसम्म आफूहरु सफल नै भएको बताए ।

उनले विगतका वामपन्थी एकता र ध्रुबीकरणको प्रसंग कोट्याउँदै भने, ‘हाम्रो एकता र ध्रुबीकरणको प्रक्रियालाई नेता-कार्यकर्ता र जनताले उत्साहको साथ अनुमोदन पनि गरेकै हो । हामीले संसार भरका बामपन्थी बिरोधीको घेराभित्र बसेर दुईतिहाई सरकारको नेतृत्व प्रतिस्पर्धाबाट ल्याउने भन्ने सानो कुरा थिएन ।’

उनले यसमा कसैलाई दोष नदिई आफूहरुले नै बचाउन नसकेको उल्लेख गरे । अहिले पनि कम्युनिस्ट आन्दोलन जनतामा लोकप्रिय नै रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सही नीति र विचारको आधारमा र भावानात्मक रुपले फेरि पनि एकताको उद्देश्य छोड्नु नहुने उनको धारणा थियो ।

उनले बामपन्थी आन्दोलनलाई देशको राजनीतिक आन्दोलनको एउटा मुख्य शक्ति बनाउने उद्देश्यबाट आफूहरु बिचलित नभएको बताए ।

उनले अगाडि भने, ‘हामी रातदिन यो आन्दोलनलाई कसरी एकताबद्ध बनाएर जाने भन्नेमा लागिरहेका छौं । यसमा सकारात्मक प्रगति पनि भइनै रहेको छ । हामी चाँडै नै एउटा नतिजामा पुग्नेछौं । बामपन्थी आन्दोलनलाई फेरि एकीकृत गर्ने र ध्रुबीकृत गर्नेछौं । विगतदेखि नै विभाजन र टुटफुटबाट शिक्षा लिएर नयाँ आधारमा नयाँ एकता गर्ने बाट नै कम्युनिस्ट आन्दोलन अगाडि बढेको छ । विभाजन भएपछि विभाजन मात्रै र एकता भएपछि एकता मात्रै भन्ने हुँदो रहेनछ । यो नेपालको कम्युनिष्ट आन्दोलनको र विश्व कम्युनिष्ट आन्दोलन दुबैमा लागू हुने कुरा रहेछ । अहिले कम्युनिष्ट आन्दोलन भित्र मात्रै होइन देशको समग्र राजनीति र आर्थिक विकासको प्रक्रियामा पनि विचलनको अवस्था छ । यसले विचार सिद्धान्त मूल्य आदर्शबाट विचलनतिर राजनीति जाला कि भन्ने खतरा पैदा भएको छ । यस्तो बेला बुद्धिजीविबाट हस्तक्षेप बढ्न जरुरी छ । बैचारिक बहस चलाउन जरुरी छ ।’

# लाखौं नागरिकलाई अधिकारको उपभोगबाट वञ्चित गरिँदैछ

**संसदमा प्रतिनिधित्व गर्ने मधेश केन्द्रित दल नै कसलाई भन्ने ? दुर्भाग्यवश, संसदमा प्रतिनिधित्व गर्ने कुनै दल मधेश केन्द्रित देखा परिरहेका छैनन् । मधेशका एजेन्डासँग अब तिनको साइनो नै रहेन जस्तो देखिन्छ । सबै सम्झौतावादी भए । मधेश शब्दबाटै टाढिंदै गए । मधेश शब्दको उच्चारण मधेशमा मात्रै गर्छन् ।**



**वृषेशचन्द्र लाल**

**अध्यक्ष, तराई–मधेश लोकतान्त्रिक पार्टी**

**० नागरिकता विधेयक, २०७९ लाई स्वतः प्रमाणिकरण भएको मानिनु पर्दछ भन्दै तराई–मधेश लोकतान्त्रिक पार्टीले सो विधेयक कानून बनेको घोषणा गर्नु पर्ने मांग आगाडि सारेको छ । यसको संवैधानिक कानूनी आधार के हो ?**

– नेपालको संविधानको धारा ११३को ४ वटा उपधाराहरुमा विधेयकमा प्रमाणिकरणको व्यवस्था छ । संघीय संसदबाट पारित भएको विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणिकरणको निमित्त राष्ट्रपति समक्ष पेश गर्नु पर्ने र राष्ट्रपति समक्ष पेश भएको विधेयक १५ दिन भित्र प्रमाणिकरण गरी राष्ट्रपतिले सो को सूचना दुबै सदनलाई दिनु पर्ने व्यवस्था छ । उपधारा ३ मा अर्थ विधेयक बाहेक अन्य विधेयकमा पुनर्विचार गर्नु पर्ने आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा पेश भएको १५ दिनभित्र राष्ट्रपतिले सन्देश सहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सकिने व्यवस्था छ । तर, उपधारा ४ मा स्पष्ट भनिएको छ कि राष्ट्रपतिले कुनै विधेयक उपधारा ३ बमोजिम सन्देश सहित फिर्ता गरेमा सो विधेयक दुबै सदनले पुनर्विचार गरी प्रस्तुत रुपमा वा संशोधन सहित पारित गरी पुनः पेश गरिएमा १५ दिनभित्र राष्ट्रपतिले प्रमाणिकरण गर्नेछ । नागरिकता विधेयक यी सबै प्रक्रिया पूरा गरेर राष्ट्रपतिको कार्यालयमा प्रमाणिकरणको निमित्त पेश भएर गएको हो । संविधानले यस्तो विधेयक 'प्रमाणिकरण गर्नेछ' भनेर भनेको छ । त्यसकारण १५ दिन नाघिसकेपछि यो प्रमाणिकरण भएको मानिनु पर्ने तमलोपाको धारणा हो जो एकदम सही हो ।

**० तर, तत्कालिन राष्ट्रपति विद्या भन्डारीले प्रमाणिकरण गर्नु भएन । १५ दिन नाघि सक्यो । यसबारे संविधान मौन छ । यस्तो स्थितिबारे अन्तर्राष्ट्रीय परम्परा के छ ?**

– नेपालको संविधान लिखित संविधान हो । परम्पराको कुरा अलिखित संविधानको स्थितिमा हुन्छ । नेपालको संविधानले प्रष्टसंग गरिदिएको व्यवस्थाको विकल्प छैन । संविधानमा जे लेखिएको हो त्यही हुनु पर्दछ । यस्तो स्थितिको बारेमा संविधान मौन छ भन्नु भयो तर त्यस्तो होइन । संविधान आफ्नो व्यवस्थामा अडिग छ । हुनै पर्दछ भन्दछ । कुनै विकल्प दिएको छैन ।

**० तर, भएन । तपाईंको विचारमा अब के गर्नु पर्ने हो ?**

– तत्कालिन राष्ट्रपतिले संविधानको घोर उल्लंघन गर्नु भयो । धारा ६१ले स्पष्ट भनेको छ संविधानको पालना गर्नु राष्ट्रपतिको कर्तव्य हुनेछ । संविधानको पालना नगर्ने कोही पनि नेपालको राष्ट्रपतिको पदको निमित्त योग्य हुन सक्दैन । तत्कालिन राष्ट्रपतिले अक्षम्य गल्ती गर्नु भयो । यसलाई सच्च्याउनु पर्दछ । नागरिकता विधेयक २०७९ स्वतः प्रमाणिकरण भएको सभामुखले सदनलाई जानकारी दिएर कानून बनेको घोषणा गर्नु पर्दछ । यही नै सर्वोत्तम उपाय हुनेछ । अथवा, करेक्शनको विधि अपनाउने हो भने वर्तमान राष्ट्रपतिले यसलाई यथाशिघ्र प्रमाणिकरण गरेर पठाउनु पर्दछ । किनभने, सो विधेयक अहिले राष्ट्रपतिको कार्यालयमा छ र वर्तमान राष्ट्रपतिले त्यसलाई फर्काउने वा निरस्त गर्ने कुनै विधि छैन, प्रमाणिकरण मात्र एक उपाय हो । यसमा कुनै कानूनी बाधा छैन । अर्को कुरा, तत्कालिन राष्ट्रपतिबाट संविधानको यस्तो घोर उल्लंघन भएको घटनाबारे संघीय संसदमा बहस हुनु पर्दछ ताकि पुनः यस्तो घटना कहिल्यै नदोहरियोस् ।

**० यदि यसो गरिएन भने ?**

– यसो गरिएन भने लोकतन्त्र र वर्तमान संविधानमाथि यो ठूलो प्रहारको रुप लिनेछ । सार्वभौम जनताको सर्वोच्च प्रतिनिधि संस्था संघीय संसदको सर्वोच्चता समाप्त भएको स्थापित हुनेछ । राष्ट्रपतिको पद जसलाई यो संविधानले श्रृंगारिक स्थान दिएको छ, असिमित अधिकार प्राप्त गर्नेछ । राष्ट्रपतिको मनोनुकूल मात्र संघीय संसदले कानून बनाउनु पर्ने स्थिति पैदा हुन्छ । राष्ट्रपतिले संघीय संसदद्वारा पारित कुनै विधेयकलाई मार्न सक्ने स्थिति बन्नेछ । निरंकूश राजतन्त्र जस्तै राष्ट्रपति शक्तिको श्रोत हुने अवस्था आउनेछ र यस्तै भयो भने राष्ट्रपतिको पदमा कुनै त्यस्तै खाले व्यक्ति पुग्दा देशमाथि तानाशाही लादिने बाटो खुल्छ । यसमाथि तत्काल रोकको आवश्यकता छ ।

**० वर्तमान राष्ट्रपति त्यस्तो हुनुहुन्न । लोकतन्त्रवादी हुनुहुन्छ ।**

– हो, वर्तमान राष्ट्रपति लोकतन्त्रप्रति प्रतिवद्ध र निष्ठावान हुनुहुन्छ । तर, त्यस्तो कुबाटो किन बनाइराख्ने ? वर्त्तमान राष्ट्रपति लोकतन्त्रप्रति प्रतिवद्ध र निष्ठावान भएको कारणले पनि संविधानको घोर उल्लंघनको यस घटनालाई यथाशिघ्र सच्च्याउनु आवश्यक रहेको हाम्रो धारणा हो ।

**० तपाईहरुले यसो भनिरहँदा संसदमा भने केही सांसदहरू नागरिकता सम्बन्धी विधेयक चाँडै ल्याएर पास गर्नु पर्ने अभिव्यक्ति दिइरहेका छन् । यसबारे के भन्नुहुन्छ ?**

– म यसलाई आपत्तिजनक ठान्दछु । त्यस्तो भन्ने माननीयज्यूहरुलाई संसद र यसको विधायिनी प्रक्रियाबारे अझै अध्ययन गर्नु पर्ने आवश्यकता रहेको ठान्दछु । प्रधानमन्त्रीले पनि बाराको आमसभामा यस्तै भन्नुभएको रहेछ । अभिव्यक्ति उचित नभएको हाम्रो ठहर हो । संसदीय लोकतन्त्र, वर्तमान संविधानमा रहेको व्यवस्था, संविधानद्वारा व्यवस्थित राष्ट्रपति कि संविधानभन्दा माथिको राष्ट्रपति आदि बारे वहाँले गलत सन्देश दिनुभएको छ ।

**० अन्य पार्टीहरू र खास गरेर संविधानविद्हरु पनि यसबारे मौन छन् नि ! यसको के कारण होला ?**

– संयोगवश मामिला नागरिकता सम्बन्धी विधेयकको पर्यो । सबैलाई थाहा छ, नागरिकताबारे यहाँ धेरैसंग धेरै किसिमका नकारात्मक दुविधाहरू छन् । तर, वास्तवमा कुरा नागरिकता सम्बन्धी विधेयकको मात्रै पनि होइन । कुरा संवैधानिक प्रक्रियाको हो । नागरिकता विधेयक २०७९ कानून बनेको घोषणा गरौं । पछि आवश्यक देखिए संशोधनको प्रक्रियामा जाउँ । तर, कुरो संविधान सम्मत हुनु पर्दछ ।

पूर्व गृहमन्त्री र नेपाली काँग्रेसको नेता बालकृष्ण खाँडजी स्पष्टतः यस्तै धारणा पत्रकारहरु सामु राख्नुभएको छ । मलाई लाग्छ, तटस्थ संविधान विद्हरुको धारणा पनि फरक हुँदैन किनभने वास्तविकता नै यही हो । आउने समयमा वहाँहरुको धारणा आउँछ भन्ने आश राखेका छौं । समयले अवश्य नै चेत देला ।

**० तपाईहरु यस संविधानलाई मान्दैनौं भन्नुहुन्थ्यो तर अहिले संविधानको प्रतिरक्षामा उत्रिनु भएको छ । यस्तो परिवर्त्तनको कारण ?**

– कुनै परिवर्त्तन भएको छैन । हामीले संविधानमा मधेशी, थारू, आदिवासी-जनजातिको आकांक्षा अनुरुप संशोधनको मांग गरिरहेका छौं । त्यो यथावत छ र रहन्छ । समानता, समानुपातिक समावेशिता, जनसंख्याको आधारमा प्रतिनिधित्व, पहिचान र भाषा संस्कृतिको मान्यता सहित विविधताको राष्ट्रीयताको निर्माण मधेश आन्दोलनका एजेन्डा हुन् । संविधानमा संशोधन गरेर यस संविधानलाई सर्वस्वीकार्य बनाइनु पर्दछ भन्ने हाम्रो मांग हो । मधेश एजेन्डाको मशाल हो । हामी जलाइराख्न प्रतिवद्ध छौं । संविधान संशोधनको निमित्त हाम्रो संघर्ष जारी रहन्छ । त्यहीं, हामी लोकतन्त्रवादी हौं र संविधानवादमा विश्वास गर्दछौं । संविधानवाद भनेको संविधानको पालना र विधिको शासन हो । जो यसलाई मान्दैन वा यस धारणाको विपरित आचरण गर्दछ लोकतन्त्रवादी होइन ।

**० संसदमा प्रतिनिधित्व गर्ने मधेश केन्द्रित दलहरुको पनि यसबारे स्पष्ट धारणा आइरहेको छैन । किन होला ?**

– संसदमा प्रतिनिधित्व गर्ने मधेश केन्द्रित दल नै कसलाई भन्ने ? दुर्भाग्यवश, संसदमा प्रतिनिधित्व गर्ने कुनै दल मधेश केन्द्रित देखा परिरहेका छैनन् । मधेशका एजेन्डासँग अब तिनको साइनो नै रहेन जस्तो देखिन्छ । सबै सम्झौतावादी भए । मधेश शब्दबाटै टाढिंदै गए । मधेश शब्दको उच्चारण मधेशमा मात्रै गर्छन् । मधेश आन्दोलनले दिएको शक्तिलाई यी सबै सत्ताको निमित्त भजाउने मात्र भए । दरबार धाउने बन्धनमा बांधिएर सत्ता सुखको निमित्त थाल आगाडि सार्ने बाहेकको काम नै देखा पर्दैन । बोले त हुन्थ्यो नि !

**० अन्तमा नागरिकता विधेयक २०७९ को सवालमा यति साह्रो अनमन्यस्कता किन ? सत्ता संचालन गर्ने दलहरू किन अर्को विधेयक ल्याउन चाहेका छन् ?**

– किनभने, फेरि चलखेल गर्ने मनसाय छ । यसै संविधानले दिएको अधिकार पनि सिमित गर्न खोज्ने षडयन्त्र छ । फेरि वर्षौं अलमलाएर नेपालका लाखौं नागरिकलाई नागरिक अधिकारको उपभोगबाट वंचित गर्ने योजना छ ।

# नेपालमा जनता अदालत गठन हुनुपर्छ



**अशेश्वर कामत नेपाल**

**प्रमुख**

**नागरिक कर्जमुक्त अभियान नेपाल**

**नेपालमा जनता अदालत हुनुपर्‍यो, जुन जनताको पक्षमा हुन्छ । अहिलेको अदालत जनताका लागि होइन, त्यो सरकार र पैसावालाका लागि हो । त्यो अदालतमा प्रहरी, न्यायाधीश र वकिल पनि सरकारको तलब खान्छ, अनि त्यो अदालतबाट जनताको पक्षमा कसरी न्याय हुन्छ त ।**

**० नागरिक कर्जमुक्त अभियान के हो ?**

– नागरिक कर्जमुक्त अभियान भनेको सम्पूर्ण नागरिकको आत्मा हो । हामी, हाम्रा बाजे-बुवाहरुले मुलुकलाई दिइरहेको कर्जको अब हिसाब-किताब लिने समय आइसकेको छ । त्यो हिसावले हामीले नागरिक कर्जमुक्त अभियान गठन गरी सरकारबाट अब हामी हिसाव लिने बेला भइसकेको छ ।

**० यो अभियानले नागरिकहरुमा रहेका विभिन्न कर्जहरुबाट मुक्ति दिलाउने हो कि ?**

– हाम्रो समाजमा कर्जको परिभाषा नै बुझिरहेको छैन । हामी नागरिक कर्जको कुरा गरिरहेका छौं । यो भनेको नागरिकबाट सरकाराले करको रुपमा जति पैसा लिएको हुन्छ, त्यो पैसाबाट हामीले आफ्नो अधिकार खोजिरहेका छौं । अब कर्जामा मान्छे फँसेको छ भने त्यो व्यक्तिलाई ब्याजमुक्त गरिदिनुपर्‍यो । अर्को कुरा सबै जातिका विपन्नलाई दुई-दुई कोठाको पक्की घर बनाइदिनुपर्‍यो । किनभने आज नेपालको अवस्था एकदमै जर्जर भइसकेको छ । नेपालमा न त कतै रोजगार पाइरहेको छ, व्यापारीहरु पनि मरिरहेका छन्, कर्जवाला मरिरहेका छन् र साहु पनि मरिरहेका छन् । त्यसैले अहिले नेपाली नागरिकलाई सबभन्दा बढी आवश्यकता छ, दुईकोठे घर । नेपाल सरकारले जुन जनता आवास योजना ल्याएको छ, त्यो जनतासम्म पुगेकै छैन । त्यसैले हामी हरेक विपन्न नागरिकलाई दुई कोठाको घर दिलाएरै छाड्छौं ।

**० गरीब-विपन्न कसरी छुट्याउने ?**

– त्यो त सरकारको काम हो कि कुन मापदण्डअनुसार गरीब-विपन्न छुट्याउने । सरकारले १० धुरभन्दा कम जग्गा भएकोलाई भूमिहीन मान्छ । सरकारसँग तथ्यांक त हुन्छ । गाउँमा कस्तो हुन्छ भने झोपडीको घर हुन्छ तर उसको खातामा करोडौं रुपैयाँ हुन्छ । त्यस्ताहरु त विपन्नमा पर्दैन । त्यसैले खोजी गर्ने काम सरकारको हो ।

**० तपाइँको अन्य मागहरु के-के छन् ?**

– सडक विस्तार गर्दा जसको जग्गा अधिग्रहण हुन्छ, उसको उचित मूल्यांकन गरी सरकारले छिटोभन्दा छिटो मुआब्जा दिनुपर्‍यो । कोहीसँग यदि दुई धुर मात्रै जग्गा छ र त्यो सडक विस्तारमा पर्‍यो भने उ भूमिहीन भइहाल्छ । सरकारले कसैलाई भूमिहीन बनाउन मिल्दैन । धनी-गरीब कसैको पनि अतिक्रमण भएको छ भने उसले उचित मुआब्जा दिनुपर्‍यो । हामी दिलाएरै छाड्छौं ।

**० मधेशमा मिटरब्याजपीडितहरु पनि धेरै छन्, उनीहरुको समस्यालाई कसरी लिनुभएको छ ?**

– अहिले जसरी मिटरब्याज भनिएको छ, त्यो वास्तवमा मिटरब्याज होइन । सामान्यतया गाउँ-घरमा तमसुक बनाएर जुन ऋण लिन्छन्, त्यसलाई मान्छेहरुले मिटरब्याज भन्छन् । तर त्यो मिटरब्याज होइन, सामाजिक चक्रीय ब्याज हो । मिटरब्याज भनेको त्यसको समयसीमा हुन्छ । मधेशभन्दा बढी मिटरब्याज काठमाडौंमा छ । मिटर ब्याज भनेको कालो धन हो । त्यसलाई त बन्द गर्नैपर्छ । त्यो बन्द गरिएन भने यो देशको सबै पैसा विदेश जान्छ र देश कंगाल हुन्छ ।

**० मधेशका मिटरब्याज पीडितहरुको समस्या कसरी समाधान गर्न सकिन्छ ?**

– मिटरब्याज पीडितहरुको समस्या समाधान गर्न सरकारले तदारुकताका साथ लाग्नुपर्छ । हामीसँग कुनै संयन्त्र छैन । तर सरकारसँग विभिन्न निकाय र संयन्त्रहरु छन् । हामीले सरकारलाई दबाब दिइरहेका छौं । यस्ता बेथितिलाई नियन्त्रण सरकारले नै गर्न सक्छ । अहिलेको सरकार जनताका लागि हो भनिरहेको छ तर जनता पीडामा छन् । मधेशमा व्यापकरुपमा मिटरब्याजी छन्, तर नेपाल सरकार त्यसलाई नियन्त्रण गर्न असफल देखिएको छ । सरकारकै मिलेमतोमा मिटरब्याजीलाई छुट दिइरहेको छ ।

**० मिटरब्याज पीडितहरुको मागलाई कसरी हेर्नुभएको छ ?**

– मैले मिटरब्याज पीडितहरुसँग भेटेको छु । उनीहरुको एउटा माग छ कि तमसुक खारेज गर्नुपर्छ । सबै साहु बेइमान हुँदैन । कुनै-कुनै साहुले त ब्याजको धेरै पैसा त्यतिकै माफ गरिदिन्छन् । कुनै-कुनै साहु यस्ता पनि छन् जसले जग्गा-जमीन पनि कब्जा गर्छन्, पैसा पनि लिन्छन् । त्यस्ता साहुहरुलाई कारबाही हुनुपर्छ । तर समाजमा सबै साहुहरु बेइमान छैनन् । हामीलाई कुनै समस्या पर्‍यो र त्यसका लागि यदि कुनै साहुले दिन्छन् भने त्यस्ता साहुको पैसा हामीले पचाउन मिल्छ त ? मिल्दैन नि । त्यो साहुले हामीलाई अप्ठ्यारो बेलामा सहयोग गरेको हो, त्यो पैसा दिनुपर्छ ।

**० तर, चर्को ब्याज लिन मिल्छ त ?**

– चर्को ब्याज लिन नेपाल सरकारले नै बढावा दिइरहेको हुन्छ । यदि कसैले चर्को ब्याजदरमा तमसुक बनाएको छ भने त्यो तमसुक अदालतमा गएपछि त स्वीकृत हुन्छ । अनि सरकारले नै चर्को ब्याजदरलाई स्वीकार गरेको हो नि । बैंकहरुले पनि त्यस्तो गर्छ । पहिला राष्ट्र बैंकले ७-८ प्रतिशतमा पैसा दिएको थियो, अहिले ११% बनाइदिएको छ । अनि बैंकहरुले त्यत्रो पैसा कहाँबाट ल्याउँछ । बैंकले जनतामाथि त्योभन्दा बढी ब्याजदर थप्छन् । त्यसैले सरकारले कमर्सियल बैंकहरुलाई सहजता दिनुपर्‍यो । सरकारले नै जनतालाई गरीब बनाइरहेको छ । सरकारले विदेशबाट ऋण लिँदा वार्षिक प्रतिशतमा लिने, तर आफ्नै देशमा मासिकरुपमा ब्याजदर लगाउने । यो कहाँको न्याय हो ? विदेशबाट १ प्रतिशत वार्षिकमा लिने र देशमा १० प्रतिशत मासिक ब्याजदर लगाउने । ती सबै पैसा नेताहरुको खल्तीमा जान्छ । अहिले हामीले विपन्न नागरिकहरुलाई दुईकोठे घर चाहियो भनिरहेका छौं, तर सरकारले पैसा छैन भन्छ । जनताका लागि पैसा छैन तर ठूलठूला पदमा रहेकाहरुका लागि पैसा कहाँबाट आउँछ ? हाम्रो देश गरीब छ भने राष्ट्रपति, प्रधानमन्त्री लगायतले ८०/८५ करोडको गाडी किन चढ्नुपर्‍यो ? अहिले नै प्रधानमन्त्री प्रचण्डले ७०-८० करोडको घर बनाउनुभएको छ । आमनागरिक मरिरहेका छन् तर राष्ट्रपति, प्रधानमन्त्रीहरु विदेशबाट महँगो पानी खाइरहेका छन् ।

**० तपाइँहरुले जनता अदालत गठनको पनि माग गर्नुभएको छ । त्यो के हो ?**

– विश्वका धेरै देशहरुमा दुईटा अदालत छन् । तर हाम्रो नेपालमा लोकतन्त्र आइसकेपनि एउटै अदालत छ । विदेशहरुमा एउटा स्टेट अदालत र एउटा कन्ज्युमर अदालत हुन्छ । नेपालमा जनता अदालत हुनुपर्‍यो, जुन जनताको पक्षमा हुन्छ । अहिलेको अदालत जनताका लागि होइन, त्यो सरकार र पैसावालाका लागि हो । त्यो अदालतमा प्रहरी, न्यायाधीश र वकिल पनि सरकारको तलब खान्छ, अनि त्यो अदालतबाट जनताको पक्षमा कसरी न्याय हुन्छ त । त्यसैले हामी छुट्टै अदालतको माग गरेका हौं । जनताको कुरा जनता अदालतबाट हुन्छ ।

**० जनता अदालतबाट जनताले न्याय पाउँछ त ?**

– सरकारवादी मुद्दा सरकारको अदालतमा जान्छ । यता, समाजमा पीडित भइरहेकाहरुलाई न्याय दिनका लागि जनता अदालत गठन गरिनुपर्छ । सबै घटना जनता अदालतमा जाँदैन । त्यो जनता अदालतमा सरकारको अदालतबाट अवकाश प्राप्त न्यायाधीशहरुले फैसला गर्ने हो । अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारीहरुले सरकारबाट पेन्सन खाइरहेका हुन्छन् । तर उहाँहरुबाट कुनै प्रकार सेवा लिइरहेको छैन । उहाँहरुको अनुभव र गरेका कामहरुबाट सिधा जनतालाई सेवा गर्ने मौका दिनुपर्‍यो । हामीले धेरै अवकाश प्राप्त वकिल र न्यायाधीशहरुसँग कुरा गरेका छौं । उहाँहरुले यो राम्रो काम हुनसक्छ । उहाँहरु यसको पक्षमा देखिनुभएको छ । उहाँहरु सेवा दिन तयार हुनुहुन्छ ।

# मन्त्री भएपछि राजबन्दीलाई भेटेर निर्वाचन क्षेत्रको यात्रा गर्दै रन्जिता श्रेष्ठ

काठमाडौं । गत आम निर्वाचनमा नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रन्जिता श्रेष्ठ चौधरी कैलाली कैलाली–१ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भइन् ।

पार्टी स्थापनाको छोटो समयमा नै नेतृत्व लिँदै उनी सांसद बनिन् । श्रेष्ठ कैलालीको टिकापुर घटनाका मुख्य कमाण्डर रेशम चौधरीकी धर्मपत्नी हुन् । थरुहट आन्दोलनका कमाण्डर चौधरी अहिले डिल्ली बजार कारागारमा कैदीबन्दीका रुपमा छन् ।

तर, सोही आन्दोलनको जगमा स्थापना भएको नागरिक उन्मुक्ति पार्टीले स्थानीय, प्रदेश र केन्द्र सरकारमा आफ्नो प्रतिनिधित्व गरिरहेको छ । जसको नेतृत्व अहिले रन्जिताले गरिरहेकी छिन् ।

उनी केन्द्रको सांसद मात्रै भईनन्, अहिले भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको रुपमा कार्यभार सम्हालीरहेकी छिन् । उनी गत चैत्र १७ गते मन्त्री नियुक्ति भएकी हुन् । मन्त्री नियुक्त भएलगत्तै उनी सुरुमा मन्त्रालय मातहतका कार्यालयहरुका कर्मचारीहरुसँग अन्तरक्रिया गर्ने र आवश्यक निति योजनाहरु बनाउने काममा व्यस्त भइन् ।

मन्त्री भएपछि तत्काल निर्वाचन क्षेत्र जान नपाएकी श्रेष्ठ शुक्रबार (वैशाख ८) गते पहिलो पटक सुदुरपश्चिम प्रदेश पुगिन् । विमान मार्फत निर्वाचन क्षेत्र पुगेकी उनी धनगढी बिमानस्थल ओर्लिए लगत्तै जिल्ला कारागार कैलाली पुगिन् । सचिवालयका अनुसार त्यहाँ जाने पुर्वनिर्धारित कार्यक्रम भने थिएन् ।



तर, मन्त्रीले कारगार जाउँ भनेपछि सचिवालयले उनलाई कारागारसम्म पुर्यायो । उनले त्यहाँ पुगेर टिकापुरको थरुहट आन्दोलनमा दोषि ठहरिएर कैदीबन्दी जीवनयापन गरिरहेका राजबन्दीलाई भेटिन् ।

सचिवालय सदस्यले रमेश बिकले भने, 'उहाँले धरातल बिर्सनु भएको रहेनछ । आफु स्थापित भएको जग बिर्सनु भएको रहेनछ । आफुलाई मन्त्री बनाउने, पार्टीलाई स्थापित गराउनेहरुका योगदान बिर्सनु भएको रहेनछ भन्दै राजबन्दीहरु खुसी हुनुभयो र आफुहरुलाई रिहाईका लागि थप पहल गर्न अनुरोध गर्नुभयो ।'

राजबन्दीहरुको कुरा सुनेपछि मन्त्री श्रेष्ठले रिहाईका लागि सरकारसँग पटकपटक बार्ता गरिरहेको र छिट्टै निष्कर्षमा पुग्ने संकेत देखिएको बताएको बिकले सुनाए । कारागारमा राजबन्दीहरुलाई भेटेपछि मात्रै मन्त्रीले आफ्नो निर्वाचन क्षेत्रका मतदाता तथा आम जनताहरुलाई भेटघाट तथा पुर्वनिर्धारित कार्यक्रममा अघि बढेकी थिइन् ।

मन्त्री श्रेष्ठले गौरिगङ्गा नगरपालिकाका मुक्तकमैया, कमलरीहरुलाई आफ्नै पालामा जमिन उपलब्ध गराउने प्रतिबद्धता दिईन् । यस्तै कैलालीका मुक्तकमैया शिबिरमा भेटघाटका साथै कमैयाहरुलाई सम्बोधन तथा भूमी सम्बन्धी समस्याको समाधान गर्ने प्रतिबद्धता गरिन् ।

यस्तै मन्त्री श्रेष्ठले रानिजमरा कुलरिया सिचाइ आयोजनाका कार्यकारी निर्देशकलाई भेटेर आयोजनाको बारेमा जानकारी लिँदै छिटो भन्दा छिटो काम सम्पन्न गर्न निर्देशन दिइन् ।

मन्त्रीले कैलालीको धनगढीमा रहेको जिल्ला मालपोत तथा नापी कार्यालयको निरीक्षण गरि सेवाग्राहीहरुलाई सहज र सरल सेवा सुबिधाका दिन कर्मचारीलाई निर्देशन दिईन् ।

# किशोरी-अभिभावक सम्मेलन कृष्णनगरमा सम्पन्न

कपिलवस्तु । पालिकास्तरीय किशोरी अधिकार मंच कृष्णनगर कपिलवस्तुको आयोजना, ओरेकको सहयोगमा किशोरी, अभिभावक सम्मेलन कृष्णनगरमा सम्पन्न भएको छ ।

कृष्णनगर पालिका स्तरीय किशोरी अधिकार मंचकी अध्यक्ष रूपा कश्यपको अध्यक्षता,प्रमुख अतिथीमा कृष्णनगर नगरपालिका नगर प्रमुख रजत प्रताप शाह, विशिष्ट अतिथिमा नगर उपप्रमुख आरती देवी चौधरी रहेका थिए । कृष्णनगर पालिका स्तरीय किशोरी अधिकार मंचकी सदस्य ववितां चौहानले कार्यक्रममा स्वागत मन्तव्य राखेकी थिइन्। कार्यक्रममा अभिभावक तथा सरोकारवाला निकाय हरूले किशोरी हरूको अभियानको बारेमा जानकारी पाई किशोरी लाई सहयोग गर्ने वातावरण तयार हुने तथा किशोरी हरूको मुद्दा लाई प्राथमिकता, लगानी वृद्धिका लागि स्थानीय सरोकारवाला हरूलाई सम्वेदनशील बनाउन वातावरण सृजना जस्ता प्रमुख उद्देश्य राखि कार्यक्रम संचालन गरिएको पार्वती चौधरीले प्रकाश पारिन् ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि शाहले किशोरी हरूलाई दक्ष बनाउन बिभिन्न प्रकारको सिपमूलक कार्यक्रम नगरपालिकाले संचालन गर्दै आएको, खुला दिशा मुक्त क्षेत्र नभएमा महिला हिंसा हूने सम्भावना रहने, महिला तथा बालबालिका हिंसा रोक्न नगरपालिका सधै अगाडि रहने बताए ।

कार्यक्रममा बोल्दै कृष्णनगर नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख थुमा देवी उपाध्यायले बाल विवाह बिरूद्धको रणनीति कार्ययोजना कार्यपालिका बाट पास भैसकेको बताउदै किशोरी अधिकार मंच कृष्णनगरलाई पालिकासँग समान्वय गरि किशोरी तथा बालबालिका क्षेत्रमा योगदान दिन आग्रह गरिन् ।

किशोरी अधिकार मंचले बालविवाह बिरूद्धको ध्यानाकर्षण पत्र र १३ बुदे मागपत्र पढेर नगर प्रमुख तथा उप प्रमुख लाई हस्तान्तरण गरिएको थियो। किशोरी अधिकार मंचले नगरपालिका लाई सम्मान पत्र समेत प्रदान गरेको थियो।

समाजका हानिकारक परम्परा निवारण, बालविवाह विरूद्धको अभियानमा राम्रो योगदान दिएका ११ जना किशोरी सदस्य हरूलाई सम्मान पत्र प्रदान गरिएको थियो। नगरपालिका प्रमुख तथा उप प्रमुखलाई किशोरी अधिकार मंचको उद्देश्य, लक्ष्य तथा रणनीतिक कार्ययोजना अभियान बारेमा ओरेक नेपालकी सुष्मा आचार्यले ध्यानाकर्षण पत्र हस्तान्तरण गरिन् । किशोरी अधिकार मंचकी सदस्य गुड़िया यादवले कार्यक्रम संचालन गरेकी थिइन् ।




## मधेश अपडेट

### विश्व प्रयोगशाला दिवसमा जनचेतनामूलक कार्यक्रम

रुपन्देही । विश्व प्रयोगशाला दिवसको अवसरमा भैरहवामा आइतबार जनचेतनामूलक कार्यक्रम गरिएको छ । युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज (युसीएमएस) बी.एस.सी.एम.एल.टी.को आयोजनामा जनचेतनामूलक ऱ्याली, सडक नाटक तथा नृत्य प्रस्तुत गरिएको हो । युसीएमएसबाट निस्किएको ऱ्याली नगरका विभिन्न स्थानको परिक्रमा गरी देवकोटा चोकमा पुगेर कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा युसीएमएसका बी.एस.सी. एम.एल.टी. कोर्डिनेटर प्रोफेसर नारायण गौतमले ९० प्रतिशत रोग नदेखिने रोग भएकोले रोगको पहिचानका लागि प्रयोगशाला आवश्यक रहेको बताए । कन्सल्टेन्ट प्याथोलोजिष्ट, एशोसिएट प्रोफेसर तथा केयर प्लस डायग्नोष्टिक एण्ड प्याथोलोजी ल्याब सिद्धार्थनगर-१२, रुपन्देहीकी सञ्चालक डा. अनिता शाहीले प्रयोगशालाले रोगको सही कारण पत्ता लगाउन मद्दत गर्ने बताइन् ।

### मटिहानीमा आगलागी हुँदा १० घर जलेर नष्ट

महोत्तरी । मटिहानी नगरपालिका वडा नं ६ मटिहानीमा रहेको जरलहवा गाछी बस्तिमा आगलागी हुँदा १० वटा घर जलेर नष्ट भएको छ । दिउसो करिब १२ बजे राजकिशोर मुखियाको घरबाट अचानक आगो लाग्दा बेचनी खातुन, सदरे आलम शेष, गफार शेष, गफार शेष लगायतका घरहरु पुर्ण रुपेण जलेर नष्ट भएको थियो । आगलागीबाट करिब २५ लाख मूल्य बराबरको सर-सामान र नगद जलेर भएको कुरा मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले बताएका छन् । जलेश्वर नगरपालिका, रामगोपालपुरको बारुण यन्त्र, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, मटिहानी नगरपालिकाको जेसीबी, पानी टंकी, कर्मचारी र स्थानीयको सहयोगमा करिब दुई घण्टामा आगलागी नियन्त्रणमा आएको थियो । यसैबीच आगलगीबाट प्रभावित परिवारलाई मटिहानी नगरपालिकाको सहयोगमा प्रति परिवार २५ किलो चावल, दाल, चिनी चिउरा र त्रिपाल तत्काल राहत स्वरुप मटिहानी नगरपालिका प्रमुख हरि मण्डलले वितरण गरेका छन् । राहत वितरण कार्यक्रममा वड़ा अध्यक्षहरु कलीम अंसारी, जीतनारायण माझी, रितेश साह कार्यपालिका सदस्य अरुण नाहर लगायतका सहभागी रहेको थियो ।

### आगलागी पीडितलाई राहत वितरण

नेपालगन्ज । जानकी गाउँपालिका वडा नम्वर २ गरिवपुरवा (फुलपुरवामा) सोमबार आगलागी भएको छ । आगलागीबाट गरिवपुरवा (फुलपुरवा)को एक घरमा पूर्णरुपमा क्षति पुगेको छ । साथै एकवटा खसी, २ वटा पानी तान्ने होन्डा पम्पसेट मेशिन, खाना पकाउने स्टोप, अरहर १ क्वीन्टल, धन ६ क्वीन्टल, मसुरो ५ लम्वर, मटर १० लम्वर, तोरी ५ लम्वर, ८ हजार नगद आगलागीबाट नस्ट भएको छ । सोमबार आगो लागेको जानकारी पाएपछि पुगेका अध्यक्ष छब्बन खाँ, उपाध्यक्ष रामप्यारी यादव, विपद व्यवस्थापन समितिका संयोजक राजेन्द्र सिँहले पीडित परिवारलाई २५ केजीको चामल २ बोरी, अरहरको दाल ५ केजी, २ प्याकेट नुन, तेल ५ लिटर, आलु १० केजी, बेसार, खुर्सानी भुजा १ प्याकेट र चिनी १ केजी १५ दिनलाई पुग्ने गरी राहत वितरण गरेका थिए । राहत प्रदान गर्न पुगेका गाउँपालिका अध्यक्ष खाँले विपदमा परेका जनतालाई गाउँपालिकाको अध्यक्षको हैसियतले गाउँपालिकाबाट गर्नुपर्ने सहयोगमा कुनैपनि कसर बाँकी नराख्ने बताए । उनले विभिन्न सँघसस्थाले पनि यस्तो विपद परेको बखतमा पालिकासँग समन्वय गरि सबैले आ आफने तर्फबाट सहयोग गर्नुपर्ने समेत आफनो धारणा व्यक्त गरे । त्यसैगरी विपद व्यवस्थापन समितीका सम्योजक राजेन्द्र सिँहले हाललाई पिडितलाई घर मर्मत गर्नको लागी बन कार्यलयसँग काठको लागी समन्वय भैराखेको र उपलब्ध समेत गराउने बताए । प्रहरी मुचुल्का अनुशार १ लाख ८० हजार क्षती भएको वातावरण तथा विपद व्यवस्थापन शाखाका प्रमुख राजेन्द्र वाजपेयीले जानकारी दिए । घटनास्थलमा उपाध्यक्ष रामप्यारी यादव, गाउँपालिका अध्यक्षका परामर्षदाता शोहराव दर्जी,उपाध्यक्षका स्वकिय सचिव शिवा यादव,लगायतको उपस्थिती रहेको थियो। राहत वितरणमा मिलाप सँस्थाले सहजिकरण गरेको थियो ।

### लुम्बिनीको मुख्यमन्त्रीमा चौधरी नियुक्त

रुपन्देही । लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा डिल्लीबहादुर चौधरी नियुक्त भएका छन् । प्रदेश प्रमुख अमिक शेरचनले चौधरीलाई संविधानको धारा १६८(२) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । ८ दलका सांसदहरूको समर्थनमा चौधरीले मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए । चौधरीलाई नेपाली कांग्रेसका २७, माओवादीका ११, नागरिक उन्मुक्ति पार्टीका ४ जना, जनमत पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका ३/३ जना, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृत समाजवादीका एक/एक जना र स्वतन्त्र एक सांसद गरी ५३ जना सांसदको समर्थन रहेको छ । गत पुस २७ मा संविधानको धारा १६८ (२)अनुसार नेकपा एमालेबाट मुख्यमन्त्री बन्नुभएका लिला गिरीले वैशाख ११ गते प्रदेशसभामा विश्वासको मत नपाएपछि नयाँ सरकार गठन भएको हो । केन्द्रमा सत्ता समीकरण बदलिएका कारण माओवादीसहित ५ दलले समर्थन फिर्ता लिएपछि गिरीले विश्वासको मत गुमाएका थिए । ८७ सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ४४ जना सांसद आवश्यक हुन्छ ।

### ईद मिलन समारोह सम्पन्न

वीरगन्ज । पर्साको विन्दवासीनी गाँउपालिकाको प्रसौनीमा अहमदिया संघ नेपालको आयोजनामा ईद मिलन समारोह सम्पन्न भएको छ । बुधबार बेलुकी आयोजित समारोहलाई सम्बोधन गर्दै पर्सा क्षेत्र नम्बर ३ का प्रतिनिधीसभा सदस्य राजकुमार गुप्ताले नेपाल धर्म निरपेक्ष मुलक भएकाले यहाँ सबै धर्मको सम्मान एकअर्काले गर्नु पर्ने बताए । अहमदिया संघले हरेक धर्मको सम्मान गर्दै आएको बताउदै उनले भने, 'यस्तै संस्कार अन्य धर्मले पनि कायम राख्नु पर्छ, अनिमात्र समाजमा धार्मिक सहिशुन्ता सदैव कायम रहन्छ ।' अहमदिया संघ नेपालका अध्यक्ष कमरुल होदा अन्सारीले १३० वर्ष पहिले भारतको पञ्जाबबाट स्थापना भएको अहमदिया सघंको हालसम्म विश्वका २२४ देशमा संगठन विस्तार भइसकेको जानकारी गराए । प्रतिनिधीसभा सदस्य गुप्ताको प्रमुख आतिथ्यता एवम् संघका अध्यक्ष अन्सारीको अध्यक्षतामा भएको ईद मिलन समारोहमा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, पर्साका प्रहरी उपरिक्षक कोमल शाह, विन्दवासीनी गाँउपालिकाका अध्यक्ष प्रमोद तिवारी, पूर्वउपाध्यक्ष किरण देवी गुप्ता, भारतीय महावाणिज्य दूवतावास वीरगञ्जका वाणिज्यदूत शशी भुषण प्रसाद, अहमदिया संघका पर्सा जिल्ला इन्चार्ज हाशिम अमद, संघका युवा संघका राष्ट्रिय अध्यक्ष सलीम अहमद, हाफीज मोहम्मद अबुल कलाम, मौलबी सिराज अहमदलगायतको पनि सहभागीता थियो ।

### बारा २ मा ३१ को जमानत जफत

बारा । बारा क्षेत्र नं.२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार एवम् पूर्व प्रहरी नायब महानिरीक्षक रमेश खरेलसहित ३१ जना उम्मेदवारको जमानत जफत भएको छ । मतगणनाको अन्तिम परिणाम अनुसार खरेलले २ हजार ८ सय २९ मत मात्र पाएका छन् । बारा क्षेत्र नं.२ का मुख्य निर्वाचन अधिकृत मुकेश उपाध्यायले ६९ हजार २२ मत खसेकोमा ६८ हजार १ सय ९२ मत सदर भएको बताउनुभयो । उहाँका अनुसार रास्वपाका उम्मेदवार खरेलले पाउनुभएको मत ४.१४ प्रतिशत मात्र रहेकाले उहाँको जमानत जफत भएको हो । बारा क्षेत्र नं.२ मा ३४ उम्मेदवारमध्ये तीन जनाले मात्र दश प्रतिशत मत कटाउन सफल भएका छन् । बाँकी ३१ उम्मेदवारको जमानत जफत भएको मुख्य निर्वाचन अधिकृत उपाध्यायले जानकारी दिनुभएको छ । निर्वाचनमा कुल सदर मतको १० प्रतिशत मत नल्याउने उम्मेदवारको जमानत जफत हुने प्रावधान छ । आम जनता पार्टीका उम्मेदवार अरुणकुमार झवाली, राष्ट्रिय प्रजातन्त्र पार्टीका सोनालाल प्रसाद सा तेली, नागरिक उन्मुक्ति पार्टीका कमरूल्लाह अन्सारी, नेमकिपाका मुक्ति प्रसाद यादवको पनि जमानत जफत भएको छ । त्यस्तै नेपाल संघीय समाजवादी पार्टीका नेजारूल अन्सारी, मंगोल नेशनल अर्गनाइजेसनका प्रमोदराम चमार र २४ स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# पश्चिम नवलपरासीमा पहिलो औद्योगिकग्राम बन्दै

नवलपरासी । सांसद विनोद चौधरीको सक्रियतामा पश्चिम नवलपरासीमा पहिलो औद्योगिक ग्राम निर्माणकार्य अगाडि बढेको छ । नवलपरासी १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित सांसद चौधरीले बर्दघाट नगरपालिकाले खजुरा खोला किनारमा औद्योगिक क्षेत्र निर्धारण गरेर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) को काम अन्तिम चरणमा पुगेको छ ।



उद्योगपति समेत रहेका नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद चौधरीले औद्योगिक ग्राम निर्माण कार्यलाई तीब्रता दिन पहल गर्नुभएको हो । चौभरीको पहलमा अहिले नगरपालिकासँगको सहकार्यमा प्राविधक टोलीले निर्माण स्थलमा पुगेर आवश्यक सहजीकरण गर्ने काम भएको बर्दघाट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सापकोटाले जानकारी भयो । उहाँका अनुसार प्राविधिक टोलीले अहिले यस अघि तयार गरिएको विस्तृत परियोजनाप्रतिवेदन (डिपिआर)लाई थप व्यवस्थित गर्नुका साथै आवश्यकता अनुसार परिष्कृत गर्ने काम भइरहेको छ ।

यस अगावै औद्योगिक ग्रामका लागि विस्तृत परियोजना प्रतिवेदन ( डिपिआर)बनाउने कार्य सकिएको भएपनि उक्त डिपिआरलाई थप परिष्कृत गर्ने कार्यसहित अन्य प्राविधक व्यवस्थापन कार्यमा सांसद चौधरीले सहयोग गर्दै आउनुभएको प्रमुख प्रशासकीय अधिकृत सापकोटाले जानकारी दिनुभयो ।

प्राविधिक टोलीका संयोजक एवंम् मेकानीकल ईन्जीनियर एमएस ज्ञवालीकाअनुसार औद्योगिकग्राममा उद्योगग्राम स्थल र आवासस्थल आवश्यक पर्ने भएकोले विस्तृत सम्भाव्यता अध्ययन गरी नगरपालिका अघि बढ्नुपर्ने सुझाव दिएको जानकारी दिनुभयो । यसैगरी लगानीकर्ताको अवस्था वारे सम्भायता अध्ययन पश्चात सना देखी ठुला उद्योग सम्म स्थापना गर्न मिल्ने गरी परियोजना अघि बढाउनुपर्ने शुझाव दिएको टोली संयोजक ज्ञवालीको भनाई छ ।

डिपिआरअनुसार औद्योगिकग्राम पूर्वाधार निर्माणकालागि ३१ करोड ५७ लाख ८४ हजार १ सय ४६ रुपियाँ लाग्ने अनुमान गरिएको छ । जसमध्ये प्रशासनिक ब्लकमा ५ करोड ८० लाख ३४ हजार ३ सय ८० रुपियाँ, क्यान्टिनकालागि ५८ लाख ९० हजार ६ सय ४ रुपियाँ, सुरक्षागार्ड भवन १४ लाख ६८ हजार ४ सय ६२, प्रहरी क्वाटर ३१ लाख ४६ हजार २ सय २२, डे केयर सेन्टर ४३ लाख ४८ हजार ८ सय ६७ रुपैयाँखर्च हुने डिपिआरमा उल्लेख छ । त्यस्तै गन्जेबोमा २ लाख ४७हजार ८ सय २६, चार वटा शौचालयकालागि १६ लाख ७२ हजार ३ सय ८३, गार्ड पोष्टमा १ लाख ४५ हजार ४ सय ९१, प्रवेशद्धार ६ लाख २९ हजार ९ सय ४९, बाउण्डरीवाल ३ करोड ७३ लाख ९१ हजार २ सय ३३, सडक २ करोड ३२ लाख ८१ हजार २ सय ४० खर्च हुनेछ । खोला तटबन्धका लागि ४ करोड १२ लाख ६३ हजार ६ सय ९९, सौन्दर्यकरण १५ लाख १० हजार ७ सय ६३, ढल २ करोड ३० लाख ४३ हजार २३, बाहिरी सरसफाइ, प्लम्बिङ, पानीआपुर्तिमा १ करोड ३१ लाख ५२ हजार ३५, विद्युतीकरणकार्य १ करोड ३५ लाख ७२ हजार १ सय ७५ र ओभरहेड पानीटंकीमा ४९ लाख २९ हजार १ सय १६ रुपैयाँ खर्च हुने गरी बजेट प्रस्ताव गरिएको छ ।

डिपिआर अनुसारका कार्य गर्नकालागि बजेटको व्यवस्थापन गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सापकोटाले जानकारी दिनुभयो । नगरपालिकाले सबै संरचनाको निर्माण प्रश्चात प्रत्येक बर्ष सो औद्योगिकग्राममा कृषक, उद्यमी, महिला तथा अन्य उद्योगका लागि उद्योग बाणिज्य संघसँग समन्वय गरि उद्योगको स्थापनागर्न प्रोत्साहनगरिने जनाएको छ । ५० बर्षमा सो क्षेत्रमा एक खर्ब भन्दा बढि लगानी भित्र्याउने लक्ष्य समेत औद्योगिक ग्रामको रहेको छ । दिर्घकालीन योजनाअनुसार औद्योगिकग्राम निर्माणकार्य अगाडि बढेको नगरपालिकाले जनाएको छ । लुम्बिनी प्रदेशबाट गण्डकी प्रदेश प्रवेश गर्ने मुख्यनाका रहेको बर्दघाट नगरपालिकालाई व्यवस्थित र औद्योगिक क्षेत्रका रुपमा विकास गर्न खोजिएको नगरपालिकाको दावी छ । औद्योगिक ग्रामलाई पहाडको छेउमा राखिएको छ ।

हिमालय टाइम्सबाट साभार

## संक्षिप्त समाचार

### ४ सय २२ केजी ३३ ग्राम गाजा बरामद

मोरङ । जहदा गाउँपालिका-२ बेरियारी टोलस्थित मकै बारीमा लुकाई छिपाई राखेको ४ सय २२ केजी ३३ ग्राम अवैध लागूऔषध गाँजा बुधबार दिउँसो प्रहरीले बरामद गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्यूरो रानी विराटनगरबाट संयुक्त रूपमा खटिएको टोलीले १४ वटा बोरामा रहेको उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो ।

### पोल्ट्री फर्ममा आगलागी हुँदा ८ लाखको क्षति

रौतहट । गौर नगरपालिका-६ सबगढा बस्ने शेख सजादको पोल्ट्री फर्ममा बुधबार बिहान आगलागी भएको छ । आगलागी हुँदा कच्ची घर, कुखुराको चल्ला, कुखुराको दाना लगायत अन्य सामग्री जलेर करिब ८ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको हो । अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### नक्कली नोटसहित महिला पक्राउ

धनुषा । जनकपुर उपमहानगरपालिका-२३ स्थित बसपार्कबाट १ हजार दरको ४ सय ९२ थान र ५ सय दरको ५ सय ५९ थान नक्कली नेपाली नोटसहित एक महिला पक्राउ परेकी छन् । बिदेह नगरपालिका-६ बस्ने २५ वर्षीया अनु कुमारी साहलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी जिरोमाईलबाट खटिएको प्रहरीले उनलाई उक्त नक्कली नोटसहित फेला पारी पक्राउ गरेको जनाइएको छ । साथै प्रहरीले उनको साथबाट सक्कली नगद १० हजार ५ सय नेपाली रूपैयाँ र १ सय ६० भारतीय रूपैयाँ समेत बरामद गरेको हो ।

### करेन्ट लागेर बालिकाको मृत्यु

बाँके । बैजनाथ गाउँपालिका-२ डिगिया बस्ने खगेन्द्र बस्नेतकी छोरी ६ वर्षीया पूर्णिमा बस्नेतको करेन्ट लागेर सोमबार साँझ मृत्यु भएको छ । आफ्नै घरको कोलियाबाट पानी तान्ने मोटरमा जोडेको तार चलाउने क्रममा उनलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएकी उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### लागूऔषधसहित दुई जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट नियन्त्रित लागूऔषधसहित दुई जना पक्राउ परेका छन् । नाईट्राभेट ६ सय ट्याब्लेटसहित २ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा कास्की पोखरा महानगरपालिका-३२ कालिका नगर बस्ने २८ वर्षीय मिलन गन्धर्व र सोही ठाउँ बस्ने २४ वर्षीय नारायण पुन रहेका छन् । वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लगूऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

कपिलवस्तु । १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा एक जना पक्राउ परेका छन् । बुद्धभुमी नगरपालिका-१ चक्काट बस्ने ३४ वर्षीय टोप बहादुर रायमाझीलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको हो । रायमाझीले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी पत्थरकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### स्कोर्पियो दुर्घटनामा एक जनाको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-५ गेटास्थित सडकमा अत्तरियाबाट धनगढीतर्फ जाँदै गरेको स्कोर्पियो दुर्घटनामा एक जनाको ज्यान गएको छ । बा.१५ च ४६३७ नम्बरको स्कार्पियो गाडी आफै अनियन्त्रित शनिबार दिउँसो दुर्घटना हुँदा गाडीमा सवार बैतडी पाटन नगरपालिका-१ बस्ने ७० वर्षीय भोजराज भट्टको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

धनुषा । क्षिरेश्वरनाथ नगरपालिका-१ रमदैयास्थित सडकमा ढल्केबरबाट जनकपुरतर्फ जाँदै गरेको प्र २-०२-००५ प ९५७१ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । शुक्रबार बिहान दुर्घटना हुँदा चालक महोत्तरी जलेश्वर नगरपालिका-३ बस्ने २७ वर्षीय सुन्दर यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको काब्या अस्पताल जनकपुरमा उपचार भइरहेको छ ।

### डुबेर बालकको मृत्यु

रौतहट । गौर नगरपालिका-२ वस्ने गौरी शंकर बैठाको छोरा १२ वर्षीय बादल कुमार बैठाको सोही नगरपालिका-४ स्थित बकैया खोलामा डुबेर मृत्यु भएको छ । बिहीबार दिउँसो नुहाउने क्रममा डुबेर अशक्त भएका उनको प्रादेशिक अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको हो ।

### करेन्ट लागेर एक जनाको मृत्यु

मोरङ । उर्लाबारी नगरपालिका-५ बस्ने ३८ वर्षीय खडग बहादुर बिकको करेन्ट लागेर आइतबार बिहान मृत्यु भएको छ । सोही नगरपालिका-७ आइतबारे भानुमार्गस्थित सडकमा ना.८ ख ४५२५ नम्बरको टिपरको डालाले बिद्युतको मेन लाईनमा छुँदा करेन्ट लागेर गम्भीर घाइते भएका थिए । टिपर चालक खडग बहादुरको अरनिको अस्पताल उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### लागूऔषधसहित महिला पक्राउ

कैलाली । लम्कीचुहा नगरपालिका-३ चिसापानी बजारबाट अवैध लागूऔषध खैरो हेरोईन करिब १ सय ५० मिलिग्रामसहित सोही ठाउँ बस्ने २९ वर्षीया दिपा बिष्ट साँउदलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो ।


**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं**

- चट्याङबाट बच्न घरबाहिर हुनुहुन्छ भने अग्लो तथा एक्लो रुखमुनि नबस्नु ।
- पौडिने, माछा पार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने ।
- खुल्ला मैदानमा नबस्ने ।
- धातुबाट बनेका तारबार नजिक नबस्ने ।
- घरभित्र हुनुहुन्छ भने विद्युतीय सामग्रीहरु टि.भी., कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिनको नजिक नबस्ने ।
- तारसहितको टेलिफोन ल्याण्डलाइनको प्रयोग नगर्ने ।
- घरबाट बाहिर ननिस्किने ।
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने ।

**मलंगवा नगरपालिका**
सर्लाही, मधेश प्रदेश



**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं**

- चट्याङबाट बच्न घरबाहिर हुनुहुन्छ भने अग्लो तथा एक्लो रुखमुनि नबस्नु ।
- पौडिने, माछा पार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने ।
- खुल्ला मैदानमा नबस्ने ।
- धातुबाट बनेका तारबार नजिक नबस्ने ।
- घरभित्र हुनुहुन्छ भने विद्युतीय सामग्रीहरु टि.भी., कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिनको नजिक नबस्ने ।
- तारसहितको टेलिफोन ल्याण्डलाइनको प्रयोग नगर्ने ।
- घरबाट बाहिर ननिस्किने ।
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने ।

**कञ्चनरुप नगरपालिका**
सप्तरी, मधेश प्रदेश



**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं**

- चट्याङबाट बच्न घरबाहिर हुनुहुन्छ भने अग्लो तथा एक्लो रुखमुनि नबस्नु ।
- पौडिने, माछा पार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने ।
- खुल्ला मैदानमा नबस्ने ।
- धातुबाट बनेका तारबार नजिक नबस्ने ।
- घरभित्र हुनुहुन्छ भने विद्युतीय सामग्रीहरु टि.भी., कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिनको नजिक नबस्ने ।
- तारसहितको टेलिफोन ल्याण्डलाइनको प्रयोग नगर्ने ।
- घरबाट बाहिर ननिस्किने ।
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने ।

**बसबरिया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश



**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं**

- चट्याङबाट बच्न घरबाहिर हुनुहुन्छ भने अग्लो तथा एक्लो रुखमुनि नबस्नु ।
- पौडिने, माछा पार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने ।
- खुल्ला मैदानमा नबस्ने ।
- धातुबाट बनेका तारबार नजिक नबस्ने ।
- घरभित्र हुनुहुन्छ भने विद्युतीय सामग्रीहरु टि.भी., कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिनको नजिक नबस्ने ।
- तारसहितको टेलिफोन ल्याण्डलाइनको प्रयोग नगर्ने ।
- घरबाट बाहिर ननिस्किने ।
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने ।

**नवराजपुर गाउँपालिका**
सिरहा, मधेश प्रदेश



**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं**

- चट्याङबाट बच्न घरबाहिर हुनुहुन्छ भने अग्लो तथा एक्लो रुखमुनि नबस्नु ।
- पौडिने, माछा पार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने ।
- खुल्ला मैदानमा नबस्ने ।
- धातुबाट बनेका तारबार नजिक नबस्ने ।
- घरभित्र हुनुहुन्छ भने विद्युतीय सामग्रीहरु टि.भी., कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिनको नजिक नबस्ने ।
- तारसहितको टेलिफोन ल्याण्डलाइनको प्रयोग नगर्ने ।
- घरबाट बाहिर ननिस्किने ।
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं**

- चट्याङबाट बच्न घरबाहिर हुनुहुन्छ भने अग्लो तथा एक्लो रुखमुनि नबस्नु ।
- पौडिने, माछा पार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने ।
- खुल्ला मैदानमा नबस्ने ।
- धातुबाट बनेका तारबार नजिक नबस्ने ।
- घरभित्र हुनुहुन्छ भने विद्युतीय सामग्रीहरु टि.भी., कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिनको नजिक नबस्ने ।
- तारसहितको टेलिफोन ल्याण्डलाइनको प्रयोग नगर्ने ।
- घरबाट बाहिर ननिस्किने ।
- धारामा नुहाउने, लुगाधुने र भाँडा माझ्ने काम नगर्ने ।

**भगवानपुर गाउँपालिका**
सिरहा मधेश प्रदेश





# नेपाल राष्ट्र बैंकको अनुरोध

- तपाईंलाई फोन वा इमेलबाट विदेशमा चिट्ठा परेको वा रकम सहयोग प्राप्त भएको भन्ने जस्ता आकस्मिक लाभको सूचना आएमा ठगी धन्दा हुन सक्छ।
- पैसा उठाउन तपाईंको बैंक खाता पठाउनुहोला अथवा कर लगायत प्रक्रिया पुऱ्याउनका लागि यति रकम जम्मा गर्नुहोला भनेर मेसेज आएमा पनि ठगी नै हुन सक्छ।
- आफूले नकिनिकन चिट्ठा परेको भन्ने जस्ता कल्पित भ्रममा नपरौं।
- बैंक तथा वित्तीय संस्थाबाट बोलेको भनी तपाईंको युजर नेम/पासवर्ड मागेमा नदिनुहोस्।
- यसप्रकारका ठगी धन्दाबाट बेलैमा सजग बनौं र वित्तीय क्षति हुनबाट बचौं।

# मानवबेचविखन रोक्न समन्वय र सहकार्य बैठक सम्पन्न

नेपालगञ्ज। मानवबेचविखन रोक्न विभिन्न तरिकाले काम गरिरहेका बाँकेका संघसंस्थाहरुको समन्वय तथा सहकार्य बैठक नेपालगञ्जमा सम्पन्न भएको छ।

प्लान नेपालको सहयोगमा बाँके युनेस्को क्लबले सञ्चालन गरेको प्रोटेक्ट परियोजना अन्तर्गत सो समन्वय र सहकार्य बैठकको आयोजना गरिएको हो।

बैठकमा सहभागि विभिन्न संघसंस्थाका प्रतिनिधि, स्थानीय सरकारका सम्बन्धित शाखाका कर्मचारी र सरकारी निकायका कर्मचारीले मानवबेचविखन नयाँ नयाँ तरिकाले जारी नै रहेकोमा चिन्ता व्यक्त गर्दै सो लाई न्युनिकरण गर्नका लागि काम गर्ने सबै संघसंस्था र स्थानीय सरकारबीच अति नै राम्रो समन्वय र सहकार्य आवश्यक रहेकोमा जोड दिए।

बैठकमा सहभागि अधिकांशले बजेट र कार्यक्रम हुँदासम्म सक्रिय रहने र त्यसपछि वास्ता नगर्ने प्रवृत्ति हावी हुँदै गएको जनाउँदै बेचविखन विरुद्ध काम गर्ने संघसंस्थाहरुले बजेट र कार्यक्रम भएपनि, नभएपनि दुबै अवस्थामा गम्भीर भएर समन्वय र सहकार्य गर्दै कामलाई निरन्तरता दिनुपर्ने आवश्यकता औल्याए।

सो बैठकले अहिलेको अवस्थाको विष्लेशण गर्दै विभिन्न विषयमा खुला छलफल गरेर आगामी बैठकमा जिल्लाका आठ वटै पालिकाबाट बेचविखन न्युनिकरणका लागि कार्ययोजना बनाउने निर्णय गरेको थियो।

बैठकमा बोल्दै नेपालगञ्ज उपमहानगरका महिला विकास अधिकृत आशा शाहीले बेचविखन नियन्त्रणका लागि यो क्षेत्रमा काम गर्ने सरकारी र गैर सरकारी सबै निकायले एकजुट भएर काम गर्नु पर्नेमा जोड दिनुभयो।

सोही प्रकारले खजुरा गाउँपालिकाका महिला विकास अधिकृत सुशिला न्यौपानेले मानवबेचविखन रोक्ने कार्यलाई स्थानीय सरकारले आफ्नो प्रमुख योजनामा सामेल गर्नु पर्ने बताइन्।

बाँके युनेस्को क्लबका कार्यकारी निर्देशक साजिद अलि सिद्दिकीले सहजीकरण गर्नु भएको सो बैठकमा प्लान नेपालका कार्यक्रम अधिकृत सन्तोष पुलामी, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका उपनिरिक्षक दिलसरा राना, अभियान नेपालका अध्यक्ष कमला पन्त, साथी संस्थाका प्रमुख सरस्वति शर्मा, शक्ति समुहकी प्रदेश संयोजक निर्मला पौडेलले पनि मानवबेचविखन एक गम्भीर समस्या बन्दै गएकोले यसलाई रोक्न सबैले मिलेर काम गर्नु पर्नेमा जोड दिएका थिए।

सो अवसरमा शान्ति पुनर्स्थापना गृहका क्षेत्रीय संयोजक निर्मल सुवेदी, आफन्त नेपालका शाखा प्रमुख सुनिता शाह, थ्री एन्जल्स नेपालका शाखा प्रमुख महेश्वरी, बाँके युनेस्को क्लबका अनुगमन अधिकृत अनुप बर्मा, लेखा अधिकृत खिम थापा, फिल्ड सुपरभाइजर शंकरसिंह थारु र रन्जना बिक लगायतले पनि बेचविखन रोक्न चाल्नु पर्ने कदमबारे आफ्नो सुझाव प्रस्तुत गरेका थिए।

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**हनुमाननगर कंकालिनी गाउँपालिका**
सप्तरी, मधेश प्रदेश


## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।


**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश


## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।


**गौर नगरपालिका**
रौतहट, मधेश प्रदेश


## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।


**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

**प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com

## विश्व परिवेश

# बेल्ट-एण्ड-रोडको दश वर्षः चाइनिज टेकओभर वा रोड टु वेयर ?

बेइजिङ । चिनियाँ कम्युनिस्ट पार्टीको सत्ताले बेल्ट एण्ड रोड (बीआरआई) परियोजनाको औपचारिक घोषणा गरेको १० वर्ष पूरा भइसक्दा पनि यसको गन्तव्य कता के भन्ने कुनै यकिन हुन सकेको छैन। सन् २०१३ मा घोषणा गरिएको बीआरआई सुरुमा वन बेल्ट वान रोड (ओबीओआर) भनेर चिनिन्थ्यो, र पछि सी जिनपिङले विदेश नीति प्रमुख परियोजनाको रूपमा यसलाई घोषणा गरेका थिए।

सन् २०१२ को अन्त्यमा चिनियाँ कम्युनिष्ट पार्टी (सीसीपी) को महासचिवको भूमिका ग्रहण गरेका सीले प्राचिन सिल्क रोडको परम्परामा आफ्नो नयाँ पहललाई २०१३ मा कजाकस्तान र इन्डोनेसियाको औपचारिक भ्रमणका क्रममा प्रारम्भमा बीआरआईको घोषणा गरेका थिए।

उनले 'आदानप्रदानको दुई वर्षभन्दा बढी वर्षको इतिहास ृसिल्क मार्गहरू, एकता, पारस्परिक विश्वास, समानता, समावेशीता, आपसी सिकाइ र जीत-विन सहयोग, विभिन्न जाति, विश्वासका देशहरूका आधारमा प्रदर्शन गर्दछ। र सांस्कृतिक पृष्ठभूमिहरू शान्ति र विकास साझेदारी गर्न पूर्ण रूपमा सक्षम छन्। सीले चीनलाई यूरेशियाको बाँकी भागसँग जोड्ने समुद्री र महाद्वीपीय करिडोरहरूको श्रृंखला बीआरआईले समान कनेक्टिभिटी प्रभाव पार्ने वाचा गरेका थिए।

'चीन र अन्य युरेसियाली अर्थतन्त्रहरूबीच घनिष्ठ आर्थिक सम्बन्धहरू स्थापित गर्न, सहयोगलाई गहिरो बनाउन र यूरेसियाली क्षेत्रमा विकास क्षेत्र विस्तार गर्न, हामीले एक अभिनव दृष्टिकोण अपनाउनुपर्छ र संयुक्त रूपमा 'सिल्क रोडको साथमा आर्थिक बेल्ट' निर्माण गर्नुपर्छ। यो मार्गमा रहेका सबै देशका जनतालाई फाइदा पुऱ्याउने ठूलो उपकरण हुनेछ,' सन् २०१३ मा सीले भनेका थिए।

आन्तरिक सन्दर्भमा, सीले चिनियाँ राष्ट्रको 'पुनरुत्थान' को लागि बीआरआईलाई प्रमुख रूपमा राखे, जसलाई आंशिक रूपमा 'चीन सपना' (अर्थव्यवस्था, २०१८) पनि भनिन्छ। बीआरआईले चीनले विश्वव्यापी वित्तीय संकटको प्रतिक्रियामा उल्लेखनीय रूपमा राम्रो काम गरेको बेलामा पश्चिमी विश्व मितव्ययिता उपायहरू, बढ्दो ध्रुवीकरण र दरारहरूबाट गुज्रिरहेको समयमा थप सक्रिय, मानक आकार दिने विश्वव्यापी भूमिका खेल्ने चीनको इच्छालाई मूर्त रूप दियो।

सुरुदेखि नै, बीआरआईलाई चीनको प्रेरणाको शंका गर्नेहरूको एक श्रृंखलाले आलोचनात्मक रूपमा हेरेको थियो। बीआरआई घोषणा हुनुअघि नै चीन-अमेरिका सम्बन्ध बिग्रँदै गएको थियो। बीआरआई, ट्रम्प प्रशासनका अमेरिकी अधिकारीहरूले विलाप गरे, एक आर्थिक रूपरेखा सिर्जना गर्यो जसको माध्यमबाट चीनले 'शिकारी वित्तिय अभ्यासहरू' को प्रयोग मार्फत आफ्नो राष्ट्रिय सुरक्षा उद्देश्यहरू पछ्याउन थाल्यो।

दक्षिण एसियामा, बीआरआईको लागि प्रमुख लगानी गन्तव्य, चीनले भारत र पाकिस्तान बीचको विवादित क्षेत्रमा पूर्वाधार निर्माणको




पहललाई रोज्यो र जसलाई भारतले विरोध गरेको थियो। सन् २०१५ मा भारतीय विदेश मामिला मन्त्रीले बीआरआईलाई 'चीनले आफ्नो राष्ट्रिय पहल अन्तर्गत राष्ट्रिय हित प्राप्तिका साथ बनाईएको हो, ृरे यसलाई ग्रहण गर्न अरूलाई बाध्यकारी छैन' भनेर निन्दा गरेका थिए।

ऐतिहासिक रूपमा चीनप्रति शंका गर्नेपक्षहरूका लागि बीआरआई बढ्दो आधिपत्यवादी र आर्थिक रूपमा विस्तारवादी चिनियाँ महत्वाकांक्षाको प्रतीक बन्न पुगेको छ।

सीको नेतृत्वमा, बीआरआईलाई चीनको विदेश नीतिको प्रमुख स्तम्भको रूपमा राखिएको छ। समय बित्दै जाँदा, चिनियाँ सरकारले बीआरआई मार्फत पछ्याउन खोज्ने धेरै उद्देश्यहरू बनाएको छ। यसमा पूर्वाधार लगानी मार्फत कनेक्टिभिटीको वृद्धि, चीन र बीआरआई प्राप्तकर्ताहरूको सुधारिएको आर्थिक विकास, बृहत्तर क्षेत्रीय समन्वयको सहजीकरण, अन्तर्राष्ट्रिय व्यापारको उन्नति, उर्जा सहयोगलाई सुदृढ पार्ने र जन-मानिसको आदानप्रदानको विकास समावेश छ।

चीनले 'पूर्वाधार अन्तर'लाई यूरेशिया भित्र ठूलो आर्थिक एकीकरणलाई सीमित गर्ने मुख्य कारकको रूपमा हेर्छ, पूर्वाधार लगानीलाई बीआरआईको प्रमुख नीति प्राथमिकतामा राख्छ। क्षेत्रीय आर्थिक एकीकरण र सहयोग प्रवर्द्धन गर्दै सीमापार वस्तु, सेवा, पुँजी र जनताको प्रवाहलाई सहज बनाउन सडक, रेलमार्ग, बन्दरगाह र विमानस्थललगायत भौतिक पूर्वाधार निर्माणमा बीआरआई परियोजनाहरू निकै केन्द्रित छन्।

यसको एक भागको रूपमा बेइजिङले नयाँ बजारहरू खोलेर सीमापार व्यापार र लगानीलाई बढावा दिएर चिनियाँ फर्महरूका लागि नयाँ आर्थिक अवसरहरू सिर्जना गर्न खोजेको छ। सन् २०१३ देखि, बीआरआई प्राप्तकर्ता अर्थतन्त्रहरूमा चिनियाँ प्रत्यक्ष विदेशी लगानी (एफडीआई) सन् २००५ र २०१३ को बीचमा ४६४.१२ बिलियन अमेरिकी डलरको तुलनामा ९८१.०३ बिलियन अमेरिकी डलर पुगेको छ। बी आरआई चीनको फराकिलो नीति विरासतको हिस्सा हो, जसले 'गो आउट' र 'गो ग्लोबल' रणनीतिका साथ चिनियाँ फर्महरूको विश्वव्यापी उपस्थितिलाई प्रवर्द्धन गर्न खोजेको देखिन्छ।

बीआरआईको ढाँचामा पूर्वाधार परियोजनाहरूका लागि ठेक्काहरू मुख्यतया चिनियाँ फर्महरू र आपूर्तिकर्ताहरूलाई तोकिएको छ, जसले गर्दा (राज्य-स्वामित्व) चिनियाँ फर्महरूको लागि बजार खोज प्रभाव सिर्जना गर्दछ।

चिनियाँ फर्महरू र विदेशमा प्राप्तकर्ताहरू दुवैका लागि सिर्जना गरिएका सम्भावित लाभहरूले प्रारम्भमा बीआरआईलाई विजयी परिदृश्यको रूपमा सिर्जना गरेका छन् र बीआरआईलाई चिनियाँ परोपकारले आकारको राजनीतिक पहलको सट्टा आर्थिक पहलको चित्रणलाई औपचारिक रूप दिएका छन्।

चीनले बीआरआईलाई सन् १९४५ पछिको विश्वव्यापी शासन व्यवस्थाको ट्रान्सएट्लान्टिक फोकसभन्दा बाहिर रहेको विश्वव्यापी सहयोगको रूपरेखाको रूपमा थप गरेको छ। चीनले अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व बैंक समूह (डब्लुबीजी) (स्टीफन, २०१७) जस्ता पश्चिमी वित्तिय संस्थाहरूको नवउदारवादी नीतिको प्रिस्क्रिप्शनलाई चुनौती दिने विकास वित्तिय मोडेलहरूमा केन्द्रित हुने परियोजनाको रूपमा बीआरआईलाई प्रवर्द्धन गरेको छ।

बीआरआई ऐतिहासिक रूपमा पश्चिमी-प्रभावित वैश्विक शासन संरचनाको समानान्तर सञ्चालन गर्ने वित्तिय ढाँचा प्रकट गर्न आएको छ र सांघाई सहयोग संगठन (एससीओ) लगायत चीनले प्रमुख भूमिका खेल्ने अन्य अपेक्षाकृत संस्थाहरूसँगै अवस्थित छ। एससीओ र एआईआईबीजस्ता समानान्तर संगठनहरूमा चीनको लगानीले 'काउन्टर-अर्डरिङ संस्थाहरू' को प्रवर्द्धन मार्फत अमेरिकी वर्चस्वबाट बाहिर निस्कने प्रयासको रूपमा व्याख्या गरिएको छ।

चीनले बीआरआईलाई विश्वव्यापी मुद्राको रूपमा रेन्मिन्बी (आरएमबी) को बढ्दो अन्तर्राष्ट्रिय प्रयोगको वकालत गर्न प्रयोग गरेको छ। बीआरआईले व्यापार र लगानी लेनदेनमा स्थानीय मुद्राको प्रयोगलाई प्रवर्द्धन गर्ने, वास्तविक विश्वव्यापी रिजर्भ मुद्राको रूपमा रहेको अमेरिकी मुद्राको निर्भरता घटाउने र वित्तीय समावेशीतालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

यो मुद्रा तत्वले अमेरिकी डलरको विकल्पको रूपमा आरएमबीको अन्तर्राष्ट्रियकरण प्रवर्द्धन गर्न बेइजिङको फराकिलो प्रयासमा बीआरबईलाई प्रयोग गर्न थालिएको छ। जसको स्थितिलाई विश्वव्यापी रिजर्भ मुद्राको रूपमा अमेरिकालाई बजेट घाटा चलाउन अनुमति दिने चुनौतीको रूपमा लिइन्छ।

बढ्दो मुद्रा अन्तर्राष्ट्रियकरणका लागि थप उपायहरूमा विभिन्न देशहरूसँग द्विपक्षीय मुद्रा आदानप्रदान सम्झौताहरू समावेश छन्, जसमा आरएमबी क्लियरिङ र सेटलमेन्ट सेवाहरू, साथै प्रमुख वैश्विक वित्तीय केन्द्रहरूमा अपतटीय आरएमबी क्लियरिङ बैंकहरूको स्थापना समावेश छ। यसबाहेक, चीनले विभिन्न लगानी च्यानलहरू स्थापना गरेको छ, जस्तै योग्य विदेशी संस्थागत लगानीकर्ता (क्यूएफआईआई) र रेनमपनबी, योग्य विदेशी संस्थागत लगानीकर्ता (आरक्यूएफआईआई) कार्यक्रमहरू, जसले विदेशी लगानीकर्ताहरूलाई चीनको पूँजी बजारमा पहुँच गर्न र आरएमबी डोमिनेटेड सम्पत्तिहरूमा लगानी गर्न अनुमति दिन्छ। चीनद्वारा विकसित क्रस-बोर्डर इन्टरबैंक भुक्तानी प्रणाली (सीआईपीएस)ले सीमापार आरएमबी लेनदेनको सुविधा दिन्छ र आरएमबीमा अन्तर्राष्ट्रिय भुक्तानीहरूको लागि अझ प्रभावकारी र सुविधाजनक प्लेटफर्म प्रदान गर्दछ। आरएमबी डोमिनेटेड ऋणको साथमा अर्को घटक बनाउँछ, जसले विदेशी सरकारहरू, संस्थाहरूलाई अनुमति दिन्छ।

यसले आरएमबी-डोमिनेटेड बोन्ड्सको लागि विश्वव्यापी बजार सिर्जना गर्न मद्दत गरेको छ र आरएमबीको लगानी र वित्तिय मुद्राको रूपमा प्रयोग बढाएको छ। बीआरआई सहभागीहरूलाई आरएमबीमा व्यापार गर्न प्रोत्साहित गरेर बीआरआई मुद्रा विविधीकरणको लागि चीनको दबाबको अर्को औजार बनेको छ।

चीनले बीआरआईलाई राज्य-निर्देशित नीति र वाणिज्य बैंकहरूको जटिल नेटवर्क मार्फत वित्त पोषण गर्दछ, जसले बीआरआई-सम्बन्धित परियोजनाहरूको लागि रकम प्रदान गर्दछ। चाइना डेभलपमेन्ट बैंक (सीडीबी) र चीनको निर्यात-आयात बैंक (एक्जिम बैंक) लगायत नीति बैंकहरूले बीआरआई परियोजनाहरूका लागि दीर्घकालीन, कम ब्याजमा ऋण उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेलेका छन् भने वाणिज्य बैंकहरूले छोटो अवधिमा ऋण उपलब्ध गराएको छ।

नीति बैंक र वाणिज्य बैंकहरूबाट ऋणको अतिरिक्त, चीनले बीआरआईको लागि विकास वित्तपोषण उपलब्ध गराउन द्विपक्षीय र बहुपक्षीय संयन्त्रहरू पनि स्थापना गरेको छ। द्विपक्षीय संयन्त्रमा चीन र व्यक्तिबीच भएका सम्झौताहरू समावेश छन्।

यसरी चीनले आफ्नो स्वार्थलाई केन्द्रमा राखेर सुरु गरेको बीआरआई अन्य मुलुकहरुका लागि ऋण-जाल बन्न पुगेको छ। बीआरआई सम्झौता गरेका मुलुकहरु पनि फस्किनुपर्ने अवस्था सिर्जना भएको छ। जसका कारण बीआरआई अनिश्चित गन्तव्यतिर गइरहेको देखिन्छ।

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान-बिहुल गाउँपालिका

सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

छिन्नमस्ता गाउँपालिका

सप्तरी, मधेश प्रदेश

## जिल्ला समाचार

### व्यवसायसँगै मानवीय सेवामा सक्रिय

दिनेश ठाकुर, नेपालगन्ज । नेपालगन्जका व्यवसायी मख्खन धामीले मुस्लिमहरुको मुख्य पुर्व इद उल फित्रको अवसरमा सामाजिक कार्य गरेका छन् । शनिबार बिहान बिपी चोक स्थित इदगाहामा आउनका धर्मालम्बीहरुलाई व्यवसायी धामीले पानी पिउने कार्यको व्यवस्थापनमा आर्थिक सहयोग गरेका थिए । वैशाखको गर्मी महिनामा इदको शुभकामना आदान प्रदान गर्न आएका व्यक्तिलाई सहयोग गर्ने उद्देश्यले पानीको व्यवस्थापन गरेको धामीले बताए । धामी सामाजिक क्षेत्रमा विगत देखि सहयोग गर्दै आएका व्यवसायी हुन् । नेपालगन्ज मुस्लिम समाजका वरिष्ट सल्लाहकार, प्रजातान्त्रिक उधोगी व्यवसायी संघ बाँकेका सह सचिव तथा प्रवक्ता, लायन्स क्लब अफ नेपालगन्जका प्रथम उपाध्यक्ष, नेपालगन्ज वितरक संघको महासचिव, सामुदायिक प्रहरी सेवा केन्द्र बाँके सदस्य रहेका धामीले उद्योग र व्यवसायीको हक र अधिकारका क्षेत्रमा काम गर्दै आएका छन् । शनिबार मुस्लिम धर्मालम्बीहरुलाई शुभकामना दिनका लागि उनी बिपी चोक लगायतका स्थानमा समेत गएका थिए । नेपालगन्ज सद्भावको सहर भएकोले यसलाई बलियो बनाउन सबै धर्म समुदायका बिच एक आपसमा मित्रताका भावना विकास गर्न आफुले इदको अवसरमा सहयोग गरेको धामीले बताए । उनले भने,'नेपालगन्ज सबै धर्म समुदायका मानिस बिच सद्भाव पुर्ण सम्बन्ध भएको अवसर हो । यसमा सहयोग गर्न पाउनु हाम्रो लागि गर्वको कुरा हो ।' धामी सामाजिक क्षेत्रमा क्रियाशील युवाका रुपमा परिचित छन् । यस क्षेत्रका सफल व्यवसायी धामी नेपालगन्जमा व्यवसायसंगै मानवीय सेवामा सक्रिय भएर सहयोग गर्दै आएका छन् । अत्यन्तै मिलनसार र सहयोगी स्वभावका धामी सामाजिक र मानवीय सेवा आफ्नो रुचि भएको बताउँछन् ।

### सूचनाका लागि एक महिनादेखि रिले अनसन

प्रेमचन्द्र झा, रौतहट । संवाद, सहअस्तित्व र सौहादर्ताको अभावमा सुचनाका लागि रौतहटको वृन्दावन नगरपालिका आगाडी सुरु भएको २४ घण्टे रिले अनसन बसेको एक महिना छ दिन पुगेको छ । अनसनकारीले माग गरे बमोजिमको १४ बुन्दे सुचना उपलब्ध गराउन कार्यालयको तर्फबाट कुनै पहल नभएकोमा अनसनकारीले दु:ख व्यक्त गरेका छन् । जनप्रतिनिधि तथा जनताहरुले मागेको सुचना दिन आलटाल गर्नुको साथै कार्यपालिका बैठकमा पनि नगर प्रमुख विनोद राउत कुर्मीले सन्तोष जनक जवाफ नदिएपछि रिले अनसन बसेको वडा नम्बर ४ का वडा अध्यक्ष श्याम प्रसाद यादवले बताए । वृन्दावन नगरपालिका कार्यालय आगाडी अनसन बसिरहेका जनप्रतिनिधिसंग आफुले भेटेर काम गर्ने बताबरण बनाई दिन अनुरोध गरेको प्रमुख प्रशासकीय अधिकृत ओम प्रसाद पाण्डेयले बताए । नगर प्रमुख पटेल तथा अनसनकारी बिच मिलने अवस्था नदेखेपछि प्रमुख प्रशासकीय अधिकृत पाण्डेय दुबै पक्षलाई जनताको काममा सहजता प्रदान गर्न आग्रह गरेका छन ।यश अधिका प्रमुख प्रशासकीय अधिकृत खिम बहादुर भुजेल उपर करोडौ भ्रष्टाचार गरेको तथा अनसनकारी लगायतका सरोकारवालासंग समन्वय नगरेको आरोप लागेपछि मन्त्रालयले अन्यत्र सरुवा गरेका थिए । प्रमुख प्रशासकीय अधिकृत पाण्डेय वृन्दावन आउने पक्का पक्की भएपछि अनसनकारी सुचना पाउछु भन्ने ढुक्क भएका थिए । पाण्डेय हाजिर भएकै दिन अनसनकारीलाई भेटी सबै सुचना दिन्छु भनि प्रतिबद्धता समेत गरे । तर हिजो देखि प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले समेत कुरा फेर्नु भएकोमा दुख लागेको नेकपा एमालेका नेता तथा नगर प्रमुख पदका उमेदवार प्रेमशंकर यादवले आरोप लगाएका छन ।दुखका साथ भन्नु परी रहेकोछ रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र आगाडी प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले भनेको कुरा पनि फेर्नु भएको उनले बताए । नगरपालिकाका पुर्व नगर प्रमुख रामसिनेही यादवले नगरप्रमुख कुर्मीमा नैतिकता नरहेको , आफुले जे बोल्दैछु त्यही सही हो आफुलाई राजा ठान्नेले थोरै समयमा धेरै करिब १० करोड भ्रष्टाचार गरेको आरोप लगाएका छन । नगरप्रमुख कुर्मिले एकसेएक भ्रष्टाचार गरेका व्यक्तिहरु आफुलाई चोखो बताउन रिले अनसन बसेको आरोप लगाए ।पांच वर्ष नगरप्रमुख बस्दा १० औ पटक आफुले सुचना माग्दा उनिहरुले नदिएको बताए ।

### चोरी तथा डाँकामा संलग्न चार जना पक्राउ

मोरङ । चोरी तथा डाँका सम्बन्धी कसूरमा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मोरङ ग्रामथान गाउँपालिका-५ बस्ने ४० वर्षीय दिलिप कुमार चौधरी, सोही ठाउँ बस्ने २८ वर्षीय ईरज धामी, सर्लाही लालबन्दी नगरपालिका-२ पुनरबास टोल बस्ने ३५ वर्षीय मिथुन पासवान र सर्लाही ईश्वरपुर नगरपालिका-५ नरेशखोर टोल बस्ने २६ वर्षीय मिथिलेश महत्तो रहेका छन् । ग्रामथान गाँउपालिका-२ झोराहाटस्थित सौजन्य बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट २०७९ चैत २ गते राति फलामको सेफ बाकसमा राखेको ७ लाख ७७ हजार १८ रूपैयाँ चोरी भएको घटनामा उनीहरूको संलग्नता भएको खुल्न आएपछि ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूमध्ये दिलिप कुमार चौधरी, ईरज धामी र मिथुन पासवानलाई जिल्ला अदालत मोरङको आदेशले पुर्पक्षको लागि कारागार चलान गरिएको छ भने मिथिलेश महत्तो २ लाख रूपैयाँ धरौटीमा छुटेका छन् ।

### अपहरण तथा ज्यान मार्ने दुई जना पक्राउ

रौतहट । अपहरण, शरिर बन्धक तथा ज्यान मार्ने उद्योगमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा माधवनारायण नगरपालिका-६ माधोपुर बस्ने २३ वर्षीय दिपेश भन्ने मन्त्रीबाबु राय र राजदेवी नगरपालिका-६ मोहनपुर बस्ने २१ वर्षीय राजा भन्ने राजाबाबु पटेल रहेका छन् । मन्त्रीबाबु रायले परोहा नगरपालिका-३ तेजापाकड बस्ने ३० वर्षीय पुरूषलाई गत शनिबार आफ्नो घरमा बोलाई सर्लाहीको बलरा भन्ने स्थानमा घर बनाउनु छ भनि बलरास्थितमा रहेको रक्सी भट्टी पसलमा लगेको र उक्त पसलमा ८/९ जनाको अज्ञात व्यक्तिहरुले ती पुरूषलाई अपहरण गरी बन्धक बनाई पेस्तोल देखाई कुटपिट गर्नुका साथै फिरौती वापत चार लाख रुपैयाँ माग गरेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले पीडित र अपहरणकारीहको खोजी गर्ने क्रममा आइतबार बिहान पीडितलाई सर्लाहीको बलरा भन्ने स्थानबाट भारततर्फ लैजान लागेको अवस्थामा फेला पारी अपहरणकारीमध्ये राजाबाबु पटेल र मन्त्रीबाबु रायलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरू उपर अपहरण शरीर बन्धक तथा ज्यान मार्ने उद्योग मुद्दामा जिल्ला अदालत रौतहटबाट म्याद अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### लागूऔषधसहित ६ जना पक्राउ

कैलाली । कैलाली जिल्लाको विभिन्न स्थानबाट अवैध लागूऔषधसहित ६ जना पक्राउ परेका छन् । गोदावरी नगरपालिका-१ मनहराबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ ८० मिलिग्रामसहित सोही ठाउँ बस्ने २० वर्षीय चन्दु महतालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित फेला परी पक्राउ गरेको जनाएको छ । साथै गोदावरी नगरपालिका-५ गेटा मेडिकल कलेज नजिकबाट सोही ठाउँ बस्ने २० वर्षीय मदन चन्द समेत ४ जनालाई अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ ६० मिलिग्रामसहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । यसैगरी, जिल्लाको गोदावरी नगरपालिका-२ बसपार्कबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ करिब २ सय १० मिलिग्रामसहित सोही ठाउँ बस्ने ३० वर्षीय राजेश पाललाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

### ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

रूपन्देही । रोहिणी गाउँपालिका-४ तर्कुल्लास्थित सडकमा भे.१ ख २७१७ नम्बरको ट्रकले लु.२० प १०६७ नम्बरको मोटरसाइकललाई बिहीबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक देबदह नगरपालिका-१२ ढोलबजवा बस्ने २८ वर्षीय झबेन्द्र कुँवरको घटनास्थलमै मृत्यु भएको छ । प्रहरीले ट्रक र चालकलाई नियन्त्रणमा लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# 'चीनले नेपाललाई श्रीलंका बनाउन खोज्दैछ'




पोखरा । नेपाली कांग्रेसका केन्द्रीय सदस्य गुरू बरालले चिनियाँ विस्तारवाद नरोकिएसम्म नेपालको विकास सम्भव नहुने बताएका छन् ।

पोखरामा राष्ट्रिय एकता अभियानले आयोजना गरेको 'नेपालप्रति चिनियाँ अभ्यास र असर' विषयक विचार-गोष्ठीमा बोल्दै उनले चीनले पछिल्लो समय नेपालमाथि विभिन्न कोणबाट आँखा लगाइरहेको टिप्पणी गरेका हुन् ।

उनले भने, 'कहिले चीनका लागि नेपाली राजदूतको ओहोदा प्रमाण पत्र नबुझिदिने त कहिले काठमाडौंमा रहेको चिनियाँ दूतावासमार्फत चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्न लगायतको काम गरिरहेको छ।'

उनले चीनको विस्तारवादी नीतिलाई हामी सबै जना मिलेर नरोकेसम्म नेपालको विकास सम्भव नहुने दोहऱ्याए ।

त्यस्तै गोष्ठीमा सहभागी पूर्वमन्त्री मेखलाल श्रेष्ठले नेपलालाई श्रीलंका बनाउने रणनीतिमा चीन लागेको आरोप लगाए ।

उनले भने, 'चीनले नेपाललाई श्रीलंका बनाउनु खोजिरहेको छ, चीनले पोखरा विमानस्थलमा लगानी गरेर विमानस्थल कब्जामा लिने षडयन्त्र गरिरहेको छ।'

त्यसैगरी समाजसेवी आनन्द राज मुलमीले चीनको विस्तारवादी नीतिविरुद्ध सबै जना एक जुट हुनुपर्नेमा जोड दिए । उनले चीनले बीआरआईमार्फत नेपाललाई ऋण जालमा पार्न विभिन्न कोणबाट कसरत गरिरहेको आरोप लगाए ।

उनले भने, 'चीनको विस्तारवादी नीतिलाई रोक्नु पर्छ, नेपाललाई चिनियाँ ऋणको जालमा फस्न दिनु हुँदैन।'

अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले चीनले पछिल्लो समय नेपालको भूभाग पनि मिचेको समाचार पत्र पत्रिकामा पढिरहेको बताए । उनले चिनियाँ नागरिक नेपालमा अवैध गति गरेको देशको सुरक्षा नै खतरामा परेको बताएका छन् ।

कार्यक्रमको सहजीकरण समाजसेवी एवं नेपाली कांग्रेस स्याङजाका पूर्व सभापति बुद्धि रानाले गरेका थिए। हिन्दू स्वेमसेवक संघका व्यवस्था प्रमुख अनिल गुप्ता तथा हरिहरनाथ मुक्तिनाथ यात्राका प्रभारी अनूप कुमार अतिथिको रुपमा उपस्थित रहेका थिए ।

# नेपाल-भारत सम्बन्धलाई प्रगाढ बनाउने दिशामा मञ्च



वीरगन्ज । वीरगन्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष एवम् वरिष्ठ उद्योगपति बाबुलाल अग्रवालले नेपाल भारत सहयोग मञ्च यस क्षेत्रका लागि एउटा साँझा धरोहरका रुपमा रहेको बताएका छन् । नेपाल भारत सहयोग मञ्चले आयोजना गरेको साधारणसभामा अग्रवालले नेपाल भारतका संस्कृतिक, सामाजिक र राजनीतिक समबन्धलाई बलियो बनाउनेतर्फ निर्वाह गरेको भूमिका अत्यन्तै प्रशंसनीय रहेको बताए । उद्योगपति अग्रवालले नेपालको सीमाञ्चल क्षेत्रमा अवस्थित वीरगञ्जमा रहेको यस मञ्चको भूमिका र कार्यभार अत्यन्तै गहन रहेको तर्फ ईङगित गर्दै आगामी दिनहरुमा यस मञ्चले आफ्ना संस्थागत भूमिकालाई अझै फरकिलो र विस्तार गर्नुपर्ने कुरामा जोड दिए । नेपाल भारत सहयोग मंचका अध्यक्ष अशोक कुमार वैद्यले नेपाल भारत सहयोग मञ्चले नेपाल भारतबीच बिद्धयमान जनस्तरको सम्बन्धलाई यापक र प्रगाढ बनाउने दिशामा मञ्च निरन्तर क्रियाशील रहने धारणा व्यक्त गरे । उनले मञ्चको क्रियाकलाप र गतिविधिलाई समय सापेक्ष विस्तार गर्ने क्रममा स्थानीय स्तरमा गोष्ठी अन्तरक्रिया तथा राष्ट्रिय, सामाजिक मुद्दाहरुका बारे मञ्चले आफ्नो संस्थागत धारणा व्यक्त गर्दै आएको बताएका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा.सुबोध कुमार गुप्ताले नेपाल भारत सहयोग मञ्चका कार्यहरु अत्यन्तै प्रशंसनिय मात्र नभइ अन्य संस्थाहरुका लागि अनुकरणियसमेत रहेको बताउँदै नेपाल भारतबीचका व्यवसायिक, आर्थिक सांस्कृतिक सम्बन्धलाई नयाँ कोणबाट विश्लेशन गर्दै थप उच्चाइमा पुऱ्याउनुपर्ने कुरामा जोड दिए । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले नेपाल भारत सहयोग मञ्चको वार्षिक साधारणसभा औपचारिक र नियमित प्रक्रिया भएता पनि यसको अन्तरनिहित महत्व अत्यन्तै ठूलो रहेको बताए । उनले मञ्चका भूमिका दुई देशबीचका व्यवसायिक सम्बन्धको विस्तारका साथै विभिन्न खाले व्यवसायिक, नागरिक स्तरमा आईपर्ने अवरोधहरुको निराकरणमासमेत संस्थाले आफ्ना भूमिका खर्चिनुपर्ने जोड दिंदैं दुई देशको आर्थिक उन्नयनका लागि सिमावर्ती क्षेत्रमासाझा सहकार्यको औचित्य बढेर गएको बताएका छन् ।

कार्यक्रममा राष्ट्रपतिद्वारा सुप्रबल जनसेवा श्री पदक पाएका मंचका अध्यक्ष अशोक कुमार वैद्य, मञ्चका सचिव डा.सुबोधकुमार गुप्ता, रुंगटा वेलफेयर सोसाइटीका अध्यक्ष तथा वरिष्ठ उद्योपति मुरलीधर रुंगटा र मञ्चकी सदस्य शम्मीकुमारी अग्रवाललाई मञ्चले सम्मानित गरेकी थिइन् । कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति डा.दीपक शाक्य, वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष गोपाल केडिया, रमेश अग्रवाल, मधु राणालगायतले नेपाल भारतको सम्बन्धमा नयाँ आयाम थप्ने कुरामा जोड दिएका थिए ।

## आर्थिक समाचार

### लक्ष्मी कमर्शियल भेहिकल्स् र एभरेष्ट बैंकबीच सम्झौता

काठमाडौं । नेपालका लागि एसएमएल इसुजुको आधिकारिक बिक्रेता लक्ष्मी कमर्शियल भेहिकल्स प्रा.लि. र एभरेष्ट बैंक लिमिटेड बिच एसएमएल इसुजुका स्कूल बस, रुटबस, ट्रक, टिप्पर आदिमा लगानी गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौता पत्रमा एभरेष्ट बैंकका तर्फबाट डिपुटी जेनरल मेनेजर गौरब कुमारले तथा लक्ष्मी कमर्शियल भेहिकल्सका तर्फबाट सेल्स एण्ड अपरेशन डाइरेक्टर कपिल शिवाकोटीले हस्ताक्षर गरेका थिए । यो सम्झौता अनुसार एसएमल इसुजुका ग्राहकहरुले २०८० बैशाख १३ गते देखि नै ऋण सुविधा लिन सक्ने जनाइएको छ । लक्ष्मी ग्रुप सन् १९७३ मा स्थापित प्रतिष्ठित औधोगिक तथा ब्यापारिक घराना हो । लक्ष्मी ग्रुप हुण्डाईका प्यासेन्जर कारहरु, बिएमडब्लुका कारहरुको नेपालको एक मात्र आधिकारिक बिक्रेता हो । लक्ष्मी ग्रुपले नै हिरो इलेक्ट्रिकका टु हिव्लर स्कुटरहरु र एसएमएल इसुजुका कमर्शियल गाडीहरुको आधिकारिक बितरक भै कार्य गरि आएको छ ।

एभरेष्ट बैंकसँग भएको सम्झौता अनुसार लक्ष्मी कमर्शियल भेहिकलसले नेपालमा आयात गरेर बिक्री बितरण गर्ने एसएमएल इसुजुका स्कूल बस, रुटबस, ट्रक, टिप्पर आदिमा बैंकका नेपाल भर रहेका आफ्ना १२४ शाखा कार्यालय मार्फत गाडीको मुल्यको ७०% सम्म कर्जा लगानी गर्ने छ । साथै, यस्तो कर्जा बढिमा ७ बर्ष सम्मको लागि उपलब्ध हुनेछ । साथै, सर्भिस चार्ज र ब्याज दरमा पनि बैंकले सहुलियत उपलब्ध गराउने उल्लेख गरिएको लक्ष्मी कमर्शियलका बिजेनेश हेड सञ्जय खड्काले जानकारी दिनु भएको छ । यो सम्झौता पश्चात दुई संस्था बिचको ब्यापार बढाउन सहयोगी हुने र भबिष्यमा पनि सहकार्य गर्दै अगाडि बढ्ने बिचार बैंकका डिपुटी जेनेरल मेनेजर गौरब कुमारले ब्यक्त गरेका थिए ।

लक्ष्मी कमर्शियल भेहिकल्सका सबै शाखा कार्यालयहरु, डिलरहरुबाट एभरेष्ट बैंक सँग भएको सम्झौता अनुसार एसएमएल इसुजुका गाडी खरिद गर्ने ग्राहकहरुलाई आवश्यक ऋण लिने प्रकृयामा सहजीकरण गरिने लक्ष्मी कमर्शियलका नेटवर्क हेड श्री इश्वर दहालले जानकारी दिए । लक्ष्मी ग्रुप अन्र्तगतको लक्ष्मी कमर्शियल भेहिकलस् प्रा.लि.ले नेपालमा एसएमएल इसुजुका कमर्शियल गाडीहरुको आधिकारिक बितरकको रुपमा कार्य गर्दै आएको छ ।

यसले भारतको चण्डिगढमा अवस्थित एसएमएल इसुजुको कारखानाबाट उत्पादित गाडीहरु नेपालमा आयात गरि नेपालको बजारमा बिक्री बितरण गर्ने र उक्त गाडीहरुलाई बिक्री पछिको सेवा पनि दिदै आएको छ । एसएमएल इसुजुले १४ सिट क्षमता देखि ५५ सिट क्षमता सम्मका स्कुल बसहरु, स्टाफ बसहरु तथा ३ टन देखि ९ टन क्षमताका ट्रकहरु देखि ३ देखि ६ क्युबिक मिटर क्षमताका टिपर ट्रकहरु उत्पादन गर्ने गर्दछ । मजबुत वनावट र इन्धन किफायती भएका कारण एसएमएल इसुजुका गाडीहरु नेपालमा ग्राहकहरुको रोजाइमा पर्न सफल भएका छन् ।

### मौलाकालीका केवलकारको टिकट किन्दा १० प्रतिशत छुट

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले नवलपुर जिल्लाको गैडाकोटमा रहेको मौलाकालीका केवलकारको टिकट खरिदमा १० प्रतिशत छुट उपलब्ध हुने योजना सार्वजनिक गरेको छ । यो योजनाअन्र्तगत बैंकको मोबाइल एप्लिकेशन ग्लोबल स्मार्ट प्लस प्रयोगकर्ताले स्मार्ट क्यूआरबाट भुक्तानी गर्दा टिकट खरिदको १० प्रतिशतसम्म छुट पाउनेछन् । बैंकले स्मार्ट च्वाइस टेक्नोलोजिसँगको साझेदारीमा सार्वजनिक गरेको यस योजनाअन्तर्गत मौलाकालीका केवलकार टिकट खरिद गर्दा १० प्रतिशत वा अधिकतम १०० रुपैयासम्म छुटको लागि योग्य हुनेछन् । बैंकले ग्लोबल स्मार्ट प्लस र क्यूआरमार्फत गरिने भुक्तानी प्रकृयालाई प्रवर्द्धन गर्न तथा यो छुट योजना सार्वजनिक गरेको हो । यो छुट योजना सिमित अवधिको लागि रहने छ । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले समय-समयमा यस्ता योजनाहरु ल्याएर ग्राहकहरुलाई प्रत्यक्षरुपमा लावान्भित गर्दै आएको छ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।


## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं ।
- बासी तथा सडेगलेका खाना नखाऔं ।
- घर भित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## संसदमा...

संघीयता समाप्त हुन्छ, मधेशको अस्तित्व संसदमा रहँदैन भनेर आफूलाई एउटा अपरिहार्य व्यक्तित्वको रुपमा प्रस्तुत गरेका थिए ।

चुनावका दौरान माधव नेपाल बारा २ पुगेका थिए । उनले भनेका थिए कि उपेन्द्र यादवजस्तो नेतृत्वको संसदमा आवश्यकता छ । उनले मधेशका लागि उपेन्द्र जस्तो व्यक्तित्व संसदमा आवश्यकता छ, त्यसकारणले बाराका मतदाताले उपेन्द्रलाई जिताउनुपर्छ भनेका थिए । २०६४ देखि उपेन्द्र यादव लगातार संसदमा छन् । सबै पार्टीसँग बारम्बार सहकार्य गरी सरकारमा पनि बसे । भनेपछि हिजोको दिनमा संसदमा उपेन्द्र यादवले मधेश वा देशका लागि के भूमिका निर्वाह गरे ? उनी रातिसम्म केपी ओलीको सरकारमा मन्त्री हुन्थे, विहान प्रचण्डको सरकारमा मन्त्री हुन पुग्थे । संसदमा रहेर उनले राष्ट्रिय राजनीतिमा के भूमिका निर्वाह गरे त ?

२०६४ सालपछि लगातार संसदमा बस्ने थोरै मान्छेमध्ये उपेन्द्र यादव पनि एक हुन् । संसदीय उपस्थिति हेर्नुहुन्छ भने सबै पार्टीका नेताहरुभन्दा उपेन्द्र यादवको संसदमा उपस्थिति कम रहेको छ । उनी संसदमा यदाकदा मात्रै बोल्दथे । अहिले उनले आफ्नो महत्व देखाउनका लागि माधव नेपालबाट त्यो कुरा भन्न लगाएका थिए । यसबीच पाँच महिना उनी संसदमा नबस्दा पनि सबै संसदीय खेलमा त छँदैछन् ।

उनले प्रदीप यादवहरुलाई मन्त्री बन्न नदिनका लागि अशोक राईलाई मन्त्री बनाए । बारा जिल्लामा आफू चुनाव लड्नका लागि रामसहाय यादवलाई उपराष्ट्रपति बनाए । अशोक राईलाई संसादीय दलको नेता नबनाउनका लागि त्यतिखेर रामसहाय यादवलाई दलको नेता बनाए । संसदीय दलको बैठकमा पार्टी अध्यक्षको रुपमा उनले भाग लिएकै छन् ।

सत्ता गठबन्धनको बैठकमा पनि जसपा अध्यक्षको हैसियतमा भाग लिएकै छन् । त्यसकारण उपेन्द्र यादव संसदमा जाँदा आकाश पल्टिन्छ, भोलिदेखि एकदम मधेशको जय-जयकार हुन्छ, त्यस्तो कुनै अवस्था छैन । तसर्थ, यो एउटा सामान्य उपनिर्वाचन थियो, यसमा उपेन्द्र जितेर संसदमा जाँदा कुनै धेरै ठूलो परिवर्तन अथवा धेरै ठूलो उपलपुथल हुने भन्ने कुरा हेर्न बाँकी छ ।

## मधेश...

भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत रहेका माटो परीक्षण प्रयोगशालाको टेक्निकल टीमले मधेश प्रदेशका सम्पूर्ण १३६ पालिकामा घुम्ती टेस्ट लैब मार्फ़त हरेक पालिकामा गई ३ दिनसम्म पालिकाको विभिन्न ठाउँको माटो जाँच गर्ने मन्त्री ई.कुशवाहाले जनाएका छन् ।

मन्त्री ई.कुशवाहाका अनुसार यस टेस्ट पश्चात् माटोको आवश्यकता अनुसार कुन कुन मलखाद कति कति मात्रामा प्रयोग गर्ने हो, समेत जानकारी किसानहरुलाई दिनेछ । उनले भनेका छन्, 'यो माटो परीक्षण कार्यक्रम पालिकाको समन्वयमा गर्नु पर्ने भएकोले नगर प्रमुख तथा गाउँपालिका अध्यक्ष जीहरुले निम्न व्यक्तिहरुलाई सम्पर्क गर्न हुन हार्दिक अनुरोध छ ।'

मन्त्री ई.कुशवाहाले माटो तथा मल परीक्षण प्रयोगशालाका प्रमुख सुनिल कुमार सिंह (९८५२८५४६१५) लाई सम्पर्क गर्न अनुरोध गरेका छन् ।

## नेपाली...

अभ्यासहरू भन्दा पनि "नेपाली बिशेषता अनुसारको" दण्ड व्यवस्थालाई नै प्राथमिकता दिईनु पर्दछ। भारत आदि देशहरूमा यदि कुनै व्यक्ति फौजदारी वा भ्रष्टाचारजन्य अपराधमा २ बर्ष भन्दा कम अवधिको लागि जेल सजाय पाएका छन् भने जेल भुक्तानी गरेको ६ बर्षसम्मका लागि निर्वाचन लडन अयोग्य हुन्छन्। हामी कहाँपनि तेस्तै कानूनी व्यवस्था थियो। तर, पछि यसमा संशोधन गरेर भ्रष्टाचारको मुद्दामा १ दिन पनि जेल सजायँ भोगेका छन् भने उ जीवन पर्यन्त चुनाव लडन अयोग्य हुन्छ। यो प्रगतिशील प्रावधान थपियो। यसरी देश अगाडी बढी रहेकोमा अहिलेको कानून संशोधनमा कडाईहरू थप्दै जानु पर्छ।





पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं